जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २१, २०७६ साल माघ ७ गते मंगलबार (Jan 21, 2020) www.janaakash.com.np मूल्य -



## हार्दिक शुभकामना

कृषि विकास बैंकले कृषि क्षेत्रमा योगदान पुर्‍याउनका साथै नेपाली अर्थतन्त्रमा निरन्तर क्रियाशील भइ काम गरेको आज ५३ औं वार्षिकोत्सवको अवसरमा बैंकको उत्तरउत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**मोहन कार्की**
अध्यक्ष, जनआकाश मिडिया प्रा.लि परिवार


# लोकतन्त्र खतरामा श्री ५ महाराजको दमन शुरु

- नेपाली कांग्रेसमाथि कार्यकर्ताको आर्कोश ।
- नाङ्ले, डोके पार्टीहरुको बिजोग ।
- नेपाल राष्ट्र विदेशीहरुको परेड खेल्ने मैदान बन्दै ।

यतिवेला नेकपाको सरकारले सूचना तथा प्रविधि विद्येयक विवादका बीच पनि सदनमा पेश गरेको छ । कुनै वेला राणाले सुरुवात गराएको प्रेस जगत राणाले गरेका अधिनायकवादी प्रबृति जनताले मन नपराएका कारण राणा सासनको अन्त्य गराउन यही सूचनाको प्रयोग भएको देखिन्छ ।

त्यतिवेला छापाको माध्यमवाट सूचना प्रकाशन गरी भित्ते पोष्टर पत्रपत्रिका चित्रकला प्रयोग गरि नेपालका त्यतिवेलाका बिद्रोही अहिलेका नेपाली कांग्रेस, डबल नेकपाले त्यो काम गरेको देखिन्छ । नेपालको सूचना क्षेत्रको कुरा गर्दा बिभिन्न समयमा सरकार परिवर्तनको लागि सरकार र विद्रोही दुवैपक्षले सञ्चारको क्षेत्रलाई प्रयोग गरेको पाईन्छ ।

सरकार पक्षले २००७ सालपछि स्थापना भएको रेडियो नेपाल २०४२ सालमा स्थापना भएको नेपाल टेलिभिजन र सन १९५८ सालमा स्थापना भएको गोरखापत्र संस्थान जहिले पनि नेपालका सरकारको पक्षमा र अन्य निजी लगानीमा चलाइएका पत्रपत्रिका सरकारको बिरुद्धमा जस्ता देखिए पनि कतिपय निजी लगानीका पत्रपत्रिकाले सत्य तथ्य र नेपालीहरुको स्वतस्त्रताको अधिकारलाई उजागर गदै आएका छन् ।

हुनत नेपालको पत्रकारिताको बिकाश भारतमा बसेर राणा शासनको बिरुद्ध प्रचा फल्ने समाचार बनाएर हौवा चलाउने अभियाँन वाट शुरु भएको देखिन्छ । त्यसैलाई २००७ सालको प्रजातन्त्र स्थापना पछि संस्थागत गरेर सरकारको मातहतमा ति सञ्चार माध्यमहरुलाई ल्याई सरकारको पक्षमा काम गर्न लगाईएको छ । त्यसको निरन्तरता आज सम्म छदैछ ।

त्यो सँगसँगै त्यतिवेला तिनै नेताहरुले सिकाएको सरकारबिरुद्ध हौवा फैलाउने प्रचार प्रसार गर्ने तरिका भने प्रजातन्त्र सथापना पछि पनि निजी लगानीका पत्रपत्रिकाले आफ्नो आफ्नो पार्टीको बचाउको लागि प्रयोग गरेको देखिन्छ । त्यही संस्कारवाट बढेको हुर्केको तप्काहरुले नै आज पनि मिडियाँ क्षेत्रमा जरा गाडेर बसेका छन् । केही अपवादमा साना लगानीका मिडियाँ जो कुनै न कुनै पार्टीको सदस्य भएपनि अफुलाई स्वतन्त्र पत्रकारिताको छातामा अड्याउन पय्त्नरत छन् । तिनिहरुको हरिबिजोग हुने गरेको छ । यत्तापर्टी भने कसैको ध्यान गएको देखिदैन ।

नेपालको राजधानी काठमाडौंमा दैनिक झण्डै २० देखि ३० वटा पत्रकार सम्मेलन हुन्छन् । त्याहा हुने उपस्थितिले पनि नेपालको पत्रकारिताको झल्को दिन्छ नै तर पछिल्लो समय पार्टी पत्रकारिता बढ्दो स्वतन्त्र पत्रकारिता मर्दो अवस्थामा पुगेको छ । त्यसमाथि अहिलेको नेकपाको सरकारले सूचना तथा

बाँकी २ पृष्ठमा

## रामेछाप उधोग वाणिज्य संघको निर्वाचन परिणाम यस प्रकार छ

रामेछाप । रामेछाप उद्योग वाणिज्य संघको नयाँ नेतृत्वका लागि भएको निर्वाचनमा केशव प्रसाद घिमिरे विजयी हुनुभएको छ । आइतबार मन्थलीमा भएको निर्वाचनमा घिमिरे ९ मतले विजयी हुनुभएको हो । घिमिरेले कुल ४ सय ८६ मत प्राप्त गर्दा उहाँका प्रतिस्प्रधी जगन्नाथ दाहालले कुल ४ सय ७७ मत प्राप्त गनुभएको थियो । निकै प्रतिस्पर्धात्मक रुपमा भएको मत परिणामको मत गणनामा घिमिरेले जित हाँसील गर्न सफल हुनुभएको हो ।

त्यस्तै संघको वरिष्ठ उपाध्यक्षमा नवीन कुमार थापा मगर ५ सय ५९ मत ल्याउदै विजयी हुनुभएको छ । त्यस्तै वाणिज्य संघको उपाध्यक्षमा दामोदर थापा ५ सय ४४ मत, उद्योग उपाध्यक्षमा भिमसेश थापा ५ सय ८ मत, महासचिवमा नबराज ढुगेंल ५ सय ६३ मत, सचिवमा सुरेश उदाश ५ सय ७७ मत, कोषअध्यक्षमा पवन कुमार कठेत ५ सय ७२ मत , महिला सदस्यमा जया सुवेदी ४ सय ९६ मत ल्यार विजयी हुनुभएको हो । त्यस्तै आजिवन सदस्यमा आकाश रिजाल ५ सय १२ मत ल्यायर विजयी हुनुभएको छ । संघको खुल्ला सदस्यहरुमा किश्वर पौडेल ४ सय १४ मत, कुमार श्रेष्ठ ५ सय १९ मत, यज्ञ प्रसाद सुवेदी ४ सय ६ मत, राजु थापा ५ सय १४ मत ल्यार विजयी हुनुभएको छ । त्यसैगरि सुमिका श्रेष्ठ ५ सय ५ मत ल्यायर विजयी हुनुभएको छ । अध्यक्ष पदका लागि संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष केशव प्रसाद घिमिरे र निवर्तमान महासचिब जगन्नाथ दाहाल छुटा छुट्टै नाम दर्ता गराउनुभएको थियो । कुल १ हजार ९९ जना मतदाता रहेकोमा जम्मा ९ सय ९२ मत खसेको थियो । संघको १४ पदको लागि निर्वाचन भएको थियो । निर्वाचनमा १२ जना जगन्नाथ दाहाल पक्षका विजयी भएका छन् भने अध्यक्षसहित एक जना खुल्ला सदस्यमा केशव विमिरेसमुहबाट पर्न सफल हुनुभएको छ ।

## सानीखोला लेम्बा बेशी महोत्सव भव्य रुपमा सम्पन्न



काभ्रे । काभ्रेको रोशी गाउँपालिका स्थित सानीखोला लेम्बा बेशी युथ क्लबको आयोजनामा भएको सानीखोला लेम्बा बेशी माघेसंक्रान्त्रि पहिलो महोत्सव भव्य रुपमा सम्पन्न भएको छ । नेपालमा माघे संक्रान्त्रि महोत्सव कार्यक्रम गर्ने तामाङ समुदायवाट सानीखोला लेम्बाबेशी युथ क्लब पहिलो बन्न सफल भएको छ । कार्यक्रम माघेसंक्रान्त्रिको अवसर पारेर गरेको भएपनि त्याहा बिभिन्न समुदायको नेपाली सांस्कृतिक झाकीसहित शुरु भएको कार्यक्रममा तामाङ, मगर, अन्य भेषभुषामा समेत सजिएर कलाकारहरु महोत्सवमा उपस्थित थिए ति कलाकारहरुलाई काभ्रेका युवा नेता तथा नेपाली काग्रेसका पुर्व संसद तिर्थ लामा, नेकपाका युवा नेता अमित लामा, गाउँपालिका जन प्रतिनिधिहरु लगायतले सांस्कृतिक टोलीहरुलाई उठेर स्वागत गरेका थिए । कार्यक्रम लेम्बा बेशी क्लबको अध्यक्ष श्री निर्मल लामाको सभापति, प्रमुख अतिथि पुर्व संसद तथा नेपाली कांग्रेसका नेता तिर्थ लामा, बिशेष अतिथिहरुमा नेकपाका युवा नेता अमित लामा, अतिथिहरुमा स्थानिय गाउँपालिकाका वडाका जन प्रतिनिधिहरुको आतिथ्यमा कार्यक्रम भव्य रुपमा सम्पन्न भएको थियो ।

कार्यक्रमलाइ सम्वोधन गदै अतिथि तथा रोशी गाउँपालिकाका प्रतिनिधिहरुले सानीखोला लेम्बाबेशीमा यो राष्ट्रिय स्तरको कार्यक्रम गर्न सफल गराएको र सानीखोला लेम्बाबेशी युथ क्लबलाई धन्यवाद दिदै आउदा दिनमा गाउँपालिकाले समेत सहकार्य गरेर सामाजिक सदभाव सहितको भव्य कार्यक्रम गर्ने बताएका थिए ।

कार्यक्रमकाप्रमुख अतिथि समेत रहेका पुर्व संसद तथा नेपाली कांग्रेसका नेता तिर्थ लामाले काभ्रेका युवाहरुले गरेको यो राष्ट्रियस्तरको कार्यक्रम हो सामाजिक,

बाँकी २ पृष्ठमा

## बज्र फाउण्डेशनको उदघाटन सम्पन्न

काठमाडौं बज्र आर्य फाउण्डेशन नेपाल विधिवत रुपमा उदघाटन भएको छ ।

बज्र फाउण्डेशनको आगनमा आज बिहान १० बजेवाट कार्यक्रम गरी फाउण्डेशनको औपचारिका उदघाटन गरिएको हो । लामा अभयकर लामाको सभापतित्वमा शुरु भएको कार्यक्रममा प्रमुख अतिथि नेकपाका नेता तथा संघिय संसद गंगा बहादुर दोङ रहेका थिए । भने बिशेष अतिथिमा नागरर्जुन नपाका ५ का वडा अध्यक्ष महेश रिमालको बिशेष अतिथिमा र अतिथिहरुमा नेकपाका पुर्व मन्त्री केशव बहादुर बुढाथोकी , गोरखा पत्र संस्थानका पुर्व अध्यक्ष गोबिन्द पोखेल, बिभिन्न गुम्बावाट आएका लामाहरु लगायतको उपस्थितिमा कार्यक्रम भएको थियो ।



आजको आकर्षणको रुपमा क्यानेडिएन नागरिक काशिम जो नेपालमा बिभिन्न क्षेत्रमा सहयोग गदै आएका ब्यात्कि रहेको जानकारी गराइएको थियो । र बज्र आर्य फाउण्डेशनलाइ

बाँकी २ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# नेकपाले आफ्नो आङमा भैसी हिडेको कहिल्यै देखेन

नेपालमा यतिवेला नेकपाको सरकार छ । उसले जनताको दोष देख्छ, अन्य पार्टीहरुको दोष देख्छ । फरक मत राख्ने जो कसैको दोष देख्छ । चाकरी, चप्लुसी गर्ने जतिको सधै राम्रो देख्ने नेकपाले अरुको आङमा जुम्रा देख्यो आफ्नो आङमा भैसी हिडेको कहिल्यै देखेन ।

सरकारले एक पछि अर्को विवादित कार्यहरु गर्दै जाने र सवैतिरवाट बिरोध भएपछि यो त नेपाली कांग्रेसको पालामा गरेको निर्णय हो भन्दै त्यसैलाई वाहाना बनाउने लाग्छ कि नेकपाले गरेका कामहरु सबै ठिक अरुले गरेको केही पनि ठिक होईनान् ।

जनबिरोधी काम जहिल्यै गरिराख्यो जनपक्षीय काम केहि पनि गरेन त्यसको दोष जति अरुलाई लगाई राख्यो । सरकारले गरेको गलत कामको प्रचार नहोस भनेर सञ्चार तथा प्रविधि बिधेयक ल्यायो, त्यसको बिरोध गर्नेहरु गैर पत्रकार भनेर भन्छ । नेपाल ट्रष्टको जगा भाडा प्रकणको संक्षणमा सरकार स्वयम लागेको छ । त्यसको बिरोध गर्नेहरु सबै सरकारका नजरमा सरकारको बिरुद्धमा खेलेको खेल भन्छ । बालुवाटार जग्गा प्रकरण, निर्मला बलत्कार हत्या कान्ड, सुन तस्करी काण्ड, लगायत थुप्रै खालका राष्ट्रियस्तरका काण्डै काण्डका बिषयमा कुनै जबाफदेही हुनु नपर्ने ३ प्रदेशको राजधानी राख्न जनताको राय नचाहिने भोट माग्ने बेलामा तपाईहरुको जनमतको कदर गर्छु भन्दै झुटो आश्वसन बाढ्ने भाषण गर्ने नेताहरु यही नेकपाका धेरै थिए सायद यिनिहरुको बानी थाहा नपाएर हो वा कार्यकर्ताले जानी जानी यस्ता धोकेबाजहरुलाई सघाएर हो सधैं समर्थन गरिराखे त्यस्तै दिन फेरी आएछ भने अनौठो मान्नु पर्ने छैन । किनकी नेपालमा ७० वर्षसम्म यस्तै प्रकारका घटना चुनावमा घट्ने गरेको छ ।

साथसाथै घुमिफिरी तिनै ब्यक्तिहरु सत्तामा आईरहने र पुरानै प्रबृति दोहोऱ्याईरहने गरेको छ । केही समय बिरोध गरे पनि तिनै कार्यकर्ता फेरी तिनै पार्टीमा तिनै नेताका झोला बोकेर अगाडी पछाडी हिडेको देखिन्छ ।

त्यसकारण नेपालीहरुको सुदिन नत प्रजातन्त्रको लागि लडेको आन्दोलनले दियो नत गणतन्त्रको लागि बगाएको रगतले दियो । यस्तै उल्झनमा देश अल्झिरहदा नेपालको बिकाशमा अवरोध आई निक्कै अगाडी बढ्नुपर्ने देश नेपाल कछुवा गतिमा घिस्रन बाध्य छ । याहा सबै खालका धोकेबाजहरु पार्टीको नाममा नेपाललाई एक पछि अर्को गर्दै एकले अर्कोलाई दोष लगाउदै नेपालका युवाहरुलाइ बिदेशमा पठाएर रेमिट्यान्सको धाक लगाउने प्रबृतिले कहिले सम्म धान्ने हो अहिले बिश्वमा बढ्दै गएको तनावले नेपालका काम गर्न गएका नेपालीहरु पनि प्रत्यक्ष प्रभावित भइरहेका छन् ।

विगतमा अमेरिकाको जोडी भवनमा अल कायदाले आक्रमण गरेपछि त्यसको प्रतिउत्तरमा अमेरिकाले इराकमा आक्रमण गरी ध्वस्त बनाएको देशमा पुगेका नेपालीहरुलाई घाटी रेटेर मारेको घटनाले आज पनि नेपालीहरु सुरक्षित छन् भनेर भन्न सकिदैन । यस्ता अमानविय घटना ब्यहोरी सकेको देश नेपालले नेपालीहरुलाइ नेपाल मै काम लगाउने वातावरण सृर्जना गर्नु पर्थ्यो त्यो कहिल्यै गर्न सकेन । आज पनि नेपालीहरु कोही बिद्यार्थीको नाममा कोही कामदारको रुपमा लाइन लागेर अर्काको देश बनाउन गएको गएै छन् । यतिका बर्षसम्म कान्त्रिका नाम जप्नेहरुलाई लाज लाग्नुपर्ने हो । प्रजातन्त्र आएको ७० बर्षमा एउटा पनि उधोग नयाँ नखोल्नु भएका उधोगहरु बन्द गराइनु र परनिर्भरवादी सोच राखेर चुनावको बेला तिनै माफियाहरुले दिएको पैशाले चुनाव जित्ने र पछि तिनकै सेवा गर्नुपर्दा वास्तविक नेपालीहरुको उन्नतिमा सधैं कुठाराधात हुने गरेको देखिदै आएको छ । यो पछिल्लो नेकपा नाम दिएका सरकार पनि त्यसैको सिकार हुन पुगेको छ र उसले जनताको उन्नतिको लागि काम गर्न सकेको छैन । जनताको दवाव एकातिर छ । अर्कोतर्फ माफियातन्त्रलाई पनि रिजाउनुपर्ने बाध्यताले आफ्नो आङको भैसी नदेखेको जस्तो गर्दै अरुलाई दोष लगाएर पाएको अवसर सदुपयोग नगरी दुरुपयोग गरेको छ । यो नेपाल र नेपाली जनताको हितमा छैन । आफ्नो अवस्था के हो । देशलाई के गर्दा फाईदा हुन्छ त्यही गरेर काम गर्नु बाहेक बिकल्प सोच्नु हुदैन थियो त्यस्तो अवस्था अहिले देखिदैन । समय छदै सबैले सोचेर देश नेपाल र नेपालीहरुको ख्याल गर्नुपर्दछ ।

# पृथ्वीनारायण शाह, गुरु गोरखनाथ र महायज्ञ

मोहन पोखरेल





मोहन पोखरेल

पौष २७ लाई नेपाल राष्ट्र एकिकरण भएको दिनको रुपमा सम्झना गरिन्छ । शाह वंशिय पूर्वज श्री ५ महाराजधिराज पृथ्वि नारायण शाहको अथक प्र्याशवाट छरिएर र हेका बाइसे चौबिसे राज्यलाई एकीकृत गरी एउटै बिशाल राष्ट्र नेपाल निर्माण गर्न सघाउ पुगेको हो । पृथ्वि नारायण शाहको देवशहन पछि एकीकरण संवन्धि बाकी कार्य उहाका छोरा प्रताप सिंह शाहवाट सम्भव भएको कुरा ईतिहासमा पढ्न पाईन्छ ।

पृथ्वि नारायण शाहका बारे धेरै कुरा लेखेर साध्य छैन । राजा पृथ्वि नारायण शाहले कुनै पनि राज्य रजौटा माथि आक्रमण गर्नु पहिले शक्तिपीठहरुको दर्शन गर्नु हुन्थ्यो । पुजा आज गर्नु हुन्थ्यो । आर्शिवाद लिनुहुन्थ्यो । राजा पृथ्विले यज्ञ उज्ञदी गर्न औधि मन गर्नु हुन्थ्यो धार्मिक महायज्ञमा औधि रुचि राख्नुको साथै धार्मिक गुरुहरुवाट आर्शिवाद लिनुहुन्थ्यो काठमाडौ खाल्डो आक्रमण गर्न जानु पुर्व उहाले धेरै यज्ञ उज्ञादी चलाउनु हुन्थ्यो धर्ममा अत्ति बिश्वास राख्ने स्वभाव भएका शाहवंशीय पूर्वज पृथ्वि नारायण शाह अलौकिक व्याक्तित्व पनि हुनुहुन्थ्यो ।

पृथ्वि नारायण शाहका पिता नर भुपाल शाह नितान्त धार्मिक स्वभावका थिए । एक पटक नरभुपाल शाहकी र नीले पृथ्वि नारायण शाह गर्भमा हुदा एउटा अनौठो लाग्दो अलौकिक किसिमको सपना देखिछन् । सपना कस्तो रहेछ भने उदाउदो सुर्यलाई निलेको सपना ।१२,००, १,०० बजेको समयमा त्यस्तो सपना देखेपछि रानी झल्यास बिउझिछन् र हत्तार हत्तार र जालाई सपनाको सबै यर्थाथ बताईन । राजा खुसी हुदै रानीलाई वेसरी पिटेछन् । राजाको कुटाईवाट थलिएकी रानी

रातभरी राइरहिन । ब्यर्थमा र जावाट कुटाइ खानुपरेकोमा रानी दुखित थिइन र साह्र चिन्तित पनि । रुदारुदै उज्यालो भयो ।

राजा खुसी हुदै रानीको खोपीमा पुगेर भने ....महारानी तिमिले साह्रै र म्रो सुर्य निलेको सपना देखेकी रहेछौ फेरी निदाउली र सपनाको फल मिल्दैन भनेर चिन्तित हुदै मैले तिमिलाई जागा राख्न पिटेको हु । अव सपनाको राम्रो फल मिल्नेवाला छ । हामीले पराक्रमि र साहासी पुत्र जन्माउने छौ । राजाले यति बितान्त भनेपछि रानी खुसी भइन र राजालाई अंकमाल गरेको इतिहासमा पढ्न पाईन्छ । सपनाको फल ३ महिना पछि मिल्यो एउटा पराक्रमी बालको जन्म भयो,जसको नाम पृथ्वि नारायण शाह नामाकरण गरियो । उनै साहासी राजा पृथ्वि को पराक्रमवाट नेपाल एकीकरण संभव भयो ।

एउटा अर्को पनि प्रशंग छ, एक पटक गुरु गोरखनाथ पृथ्वि नारायण शाहको पक्षिा गर्न गएछन् । गुरु गोरखनाथले आफ्नो मुखमा दही हालेर मुखवाट ओकल्दै पृथ्वि नारयण शाहलाई "ला खा"। भनेर दिन खोज्दा राजाले घिन माने जस्तो गरी खान त खोजेछन् तर हातको अञ्जुलीमा रहेको गोरखनाथले ओकलेको दही खसेर पृथ्वि नारायणको दाहिने पैतलामा पऱ्यो । गुरु गोरखनाथले थोरै चिन्तित र केही खुसीको भावमा भनेछन् –"पृथ्वि तैले यो मैले ओकलेको दही खाएको भए संसार तेरो हुन्थ्यो तर दही तेरो पैतलामा परेको छ ,नेपाल सरहद भित्र तेरो पैतलाले जहाँ जहाँ टेक्छ त्याही तेरो राज्य हुनेछ भन्दै गोरखनाथले पृथ्वि नारायण शाहलाइ आर्शिवाद दिएको कुरा ईतिहासमा पढन पाइन्छ ।

माथि नै गरिसकिएको छ कि पृथ्वि नारायण शाहको इतिहास लेखेर साध्य छैन । यति मात्र ठोकेर भन्न सकिन्छ कि पृथ्वि नारायण शाहमा एउटा दैविक शक्ति लुकेको थियो । गुरु गोरखनाथ वाट आर्शिवाद प्रप्त भएका कारण नेपालको एकीकरण संभव भयो र उहाँ राष्ट्र निर्माता गणना हुनुभयो ईतिहासमा अंकित हुनुभयो ।

" मेरा साना दुख:ले आर्ज्याको मुलुक होईन, सवैलाई चेतना भया" भन्ने राजा पृथ्विको दिव्य दर्शनलाई हामी सबै नेपालीले अनुशरण गर्न सक्नु पदर्छ । राष्ट्रियता माथि संकट गहिरिदै गएको वेला राष्ट्रियता जोगाउन यस्ता दिव्य उपदेशको आत्मै देखि चेतना जगाई राष्ट्रको अस्तित्वको रक्षा गर्ने अभिभारा हामी नेपालीको काधमा आएको छ । यस्ता महापुरुषको हामी सबैले सम्मान गर्न सिक्नुपदर्छ । नेपालको माटो एक पटक फेरी हातमा लिएर पृथ्वि नारायण शाहको स्मरण गरौ र उहाको देशप्रतिको सच्चा भक्तिभावले प्रशंसा गरौं र उहाले देखाएको पथलाई नछोडौं यसैमा सवैको कल्याण छ ।

## वयोवृद्ध...

समाज सेवाको सिलसिलामा पोषप्रसादले सिन्धुखोलामा झोलुङ्गे पुल हाल्ने व्यवस्था पनि मिलाउनुभयो । त्यसैगरि विद्यालयको लागि अध्ययन कोष खडा गर्न पत्राचार गर्नुभयो । त्यसपछि २०४० सालबाट काठमाडौँ धुम्बाराही बसाई भयो । काठमाडौँ बसेपनि त्यसै नबसी शङ्खपार्क स्थित शिव मन्दिरमा पूजाअर्चना व्यवस्था समितिको अध्यक्षको जिम्मेवारी बहन गरेको अवस्थामा अक्षय कोष खडा गरी पुजारी र पूजाको दीर्घकालिन व्यवस्था मिलाउनु भयो । हाल त्यसै अनुरुप दैनिक पूजा अर्चना चलिरहेछ । धर्मकै आस्थामा चण्डोल कृष्ण मन्दिर र हिन्दु महासंघको आजीवन सदस्य बन्नुभयो ।

यसरी आफ्नो जीवनको बाल्यकालदेखी बुढ्यौलीसम्मको सम्पूर्ण ऊर्जा समाज एवं शिक्षा सेवामा खर्च गर्नुभएका कर्मबीर पोषप्रसादको उमेरले सहस्र चन्द्र दर्शनको अवधि पारगरे पछि उहाँका परिवारले २०६७ साउन ११ गते हर्षोल्लासका साथ ८४ पूजा लगाएर रथारोहण गरायो । त्यसै अवसरमा उहाँको कृति आदर्श वैदिक शिक्षाको विमोचन कार्य सम्पन्न गरायो । हाल उहाँ छोरा बलराम र बुहारी मीना र नाति नातिना साथ ९४ वर्षको बुढ्यौलीसँग संघर्ष गर्दै हुनुहुन्छ । आशा गरौ ईश्वरले अझै दीर्घायु र स्वस्थ जीवन दिउन् भन्ने कामनाका साथ आजलाई यति ।

## सानीखोला.....

सांस्कृतिकमा आधारित यस्ता कार्यक्रमहरुले नेपालमा सदभाव र एकता कायम गर्न कोशे ढुङगा सावित हुने बताएका थिए उनले नेपाली कांग्रेस सधै लोकतन्त्र र स्वतन्त्रको पक्षमा रहेको अहिले आउन लागेको सुचना प्रविधि विद्येयक नेपाली सञ्चार माध्यमहरुलाइ निन्यन्त्रण गरी अहिलेको नेकपा सरकारले अधिनायकवाद लाद्न खोजेको आरोप लगाएका थिए । कार्यक्रममा ख्यातिप्रप्त राष्ट्रिय कलाकारहरुले दमदार प्रस्तुति दिएका थिए कार्यक्रमको सभापतित्व गरेका सानीखोला लेम्बा बेशी युथ क्लबका अध्यक्ष श्री निर्मल लामाले कार्यक्रमलाई सम्वोधन गर्दै सवैलाई धन्यवाद दिएका थिए हजारौको संख्यामा महोत्सवमा उपस्थित दर्शकले तालि बजाएर स्वागत गरेका थिए । कार्यक्रममा स्थानीय परिकारहरु स्थानीय मौलिक परम्पराका शैलीमा महोत्सव अत्यन्तै भव्य भएको थियो । अतिथिहरुलाई आयोजकले भव्य स्वागत गरेको थियो साथसाथै कार्यक्रमको व्यवस्थापन राम्रो थियो केही कमि कमजोरी भएपनि समग्रमा कार्यक्रम सौहार्दा रुपमा सम्पन्न भएको थियो । सानीखोला लेम्बावेशी युथ क्लवका युवाहरूले प्रमुख अतिथि तिर्थ बहादुर लामा र विशेष अतिथि अमित लामालाई ३ किलोको माला लगाएर सम्मान गरेका थिए ।

## बज्र...

पनि क्यानेडिएन नागरिक काशिम काशिमको सहयोग रहेको जानकारी गराइएको थियो । कार्यक्रमलाइ सम्बोधन गर्दै फाउण्डेशणका उपाध्यक्ष मानदास लामाले कार्यक्रममा सामाजिक काम अत्यन्तै चुनौतिपुर्ण रहेको र त्यो चुनौतिपुर्ण काम गर्न आफुहरु तयार भएको बताएका थिए । फाउण्डेशनको सचीव कान्ति लामाले दानको बारेमा र फाउण्डेशनको बारेमा प्रकाश पारेकी थिइन । कार्यक्रमलाई सम्बोधन गर्दै फाउण्डेशनका अध्यक्ष अभयकर लामाले फाउण्डेशन स्थापना गर्न पाउदा अत्यन्तै गौरव महसुस भएको बताएका थिए । र कार्यक्रममा नेपालका बाल बच्चाहरुलाइ बौद्ध दर्शन सम्बन्धि शिक्षा प्रदान गर्ने र व्यवस्थित बसोवास, भोजन, पोषण साथै नेपाल सरकारको नीति अर्न्तगतको शिक्षा प्रदान गरेर संस्थाको अन्य उदेश्य समेत समेटेर काम गर्दै जाने प्रतिबद्धता ब्याक्त गरेका थिए । उदघाटन बौद्ध संस्कृति अनुसार दियोमा बक्ति बालेर क्यानेडिएन नागरिक काशिमले गरेका थिए । भने भवनको उदघाटन आजका प्रमुख अतिथि गंगा बहादुर दोङले गरेका थिए । कार्यक्रममा केक काटेर आमन्त्रित सवैलाई बाडिएको थियो ।

## लोकतन्त्र...

प्रविधि विद्येयक ल्याए श्री २ महाराजहरुको बढाई चढाई गर्ने पार्टी पत्रकारिता मात्र बचाउने र अन्य स्वतन्त्र पत्रकारहरुलाई सदाको लागि नेपाली पत्रकारिता क्षेत्रवाट समाप्त गर्ने उदेश्य राखेर ल्याउन खोजिएको देखिन्छ । त्यो नेपाल देशको हितको लागि नभएर नेपाललाई सिक्किमीकरण गराउन कसैले बिरोध नगरुण भनेर ल्याउन खोजिएको विभिन्न क्षेत्रका विज्ञहरुले आपत्ति जनाई सकेका छन् । त्यस्तै प्रयोग ३ न. प्रदेशको राजधानी तोक्ने बिषयमा लगाएको हुईप पनि अभ्याश गरेको देखिन्छ । अहिलेको दुईतिहाईको सरकारले उक्त विद्येयक पास गर्ने गरी काम थालिसकेको हुनाले श्री २ महाराज केपि पिके हरुको अगाडी स्वतन्त्र पत्रकारिताको सेतो पन्नमा अव जनताका आवाजहरु छापिने छैनान् । पत्रपत्रिकामा समाचार लेखेको आधारमा जो कसैले मेरो मान मर्दन भयो भनेर उजुरी गर्ने बित्तिक्कै पत्रकारको हातमा हतकडी लगाइने छ र १५ लाँख सम्म जरिवाना गराईने छ उक्त बिद्येयकमा उल्लेख भएका कुरा बाहिर आएका छन् । यो खवर आउनु नै नेपाली पत्रकारिताको लागि निक्कै दुख:द हो र श्री २ महाराजहरुको जनतालाई दमण गरेर लैजाने नियत भन्न सकिन्छ ।

### नेपाली कांग्रेसप्रति कार्यकर्ताको आर्कोश

नेपालको लोकतान्त्रिक मानिएको नेपाली कांग्रेस २०७४ को प्रदेश र प्रतिनिधिसभा पछि दोस्रो ठुलो पार्टीको रुपमा र प्रतिपक्षीको भुमिका छ । तर डबल नेकपाले गरेका जनबिरोधि कार्यहरुको बिरुद्धमा काही केही चु सम्म पनि गर्न सकेको छैन । त्यसैले नेपाली कांग्रेसका कार्यकर्ताहरुले नेतृत्वप्रति आर्कोश पोख्न थालेका छन् ।

### नाङले डोके पार्टीहरुको त बिजोग भइ नै सक्यो

नेपालमा साना पार्टीहरुलाइ रोक्नको लागि ल्याइएको सिन्डिकेटले नाङले डोके पार्टी खोलेर एनजिओ जस्तै गरी पार्टीको नाममा धनाढ्यहरुलाई पैशा लिएर बिदेशमा घुम्न पठाउनेहरुको यतिवेला बिजोग भइरहेको छ । भ्यागुताको धार्नी नपुगे जस्तै कसै गरेपनि कार्यकर्ता निर्माण गर्न नसक्ने । राम्रै बिषय बस्तु उठाए पनि सरकारले नटेर्ने, आन्दोलनका निम्ति जनशक्ति अभाव हुने र सधै नेता बनिरहनका लागि पार्टी खोलेकाहरुको स्रोत साधन प्र्याप्त नहुदा नाङले डोके पार्टी कार्यलयहरु दिनभरी घाम तापेर दिन काट्दै गरेको देख्न सकिन्छ । तिनिहरुले पनि श्री २ महाराजहरुको बिरुद्धमा केही गर्न सक्ने देखिदैन । नेपाल राष्ट्र सधै असंलग्न निति अखितयार गरेर आफ्नो स्वतन्त्रतालाई बचाई राख्न सफल थियो पछिल्लो घटनाले नेपाल यो वा त्यो बाहानमा बिदेशी सैनिकहरुको खेल मैदान बन्न थालेको नागरिकहरुले महसुस गरेका देखिन्छन् । कहिले चाइनाको प्रभाव भन्छन् कहिले भारतको प्रभाव भन्छन् । कहिले अमेरिकाको प्रभावले नेपालमा कुनै पनि बेला बिदेशी सेना नेपालमा भित्रन सक्छ भनेर चिन्ता गर्न थालिएको छ । यतिवेला श्री २ महाराजहरुले सोच विचार गरेर अगाडी नबढ्ने हो भने जनताले भनेको जस्तै बिदेशी सेनाले नेपालम परेड खेल्न बेर लगाउने छैन । न त्यस्तै गराउन को लागि पो यो सूचना तथा प्रविधि बिद्येयक ल्याउन खोजिएको हो गम्भिर भएर सोच्नु पर्ने बेला आएको सञ्चार कर्मीहरुको भनाइ आइरहेको छ । यदि त्यस्तै हो भने नेपाली जनता नै स्वत स्फुर्त सडकमा निस्कन ढिला गर्नु हुदैन ।

# हामी राजावादी होईनौ धर्मात्म हौं

*कोटीहोम पिठाधिस श्री गुरु बशिष्ट धर्मपालसँग जनआकाश साप्ताहिकका तर्फवाट मोहन पोखेलले महायज्ञ कार्यलय गीता भवन नारायणगढमा महायज्ञ र हिन्दु संस्कृति संबन्धि कुराकानीको छोटो अंश प्रस्तुत गरेका छौं ।*




श्री गुरु बशिष्ट धर्मपाल

**हिन्दुत्व के हो श्र ? हिन्दु राष्ट्रवारे बताइदिनुस् न ।**

हिन्दुत्व राष्ट्रवादी राजनीतिको एउटा अंग नै हो ।यसमा धेरै चिनिन पर्ने आवाश्यक्ता नै छैन । हाम्रो पवित्र देशमा ९० प्रतिशत हिन्दु जनता छन् । हिन्दु राष्ट्रवाद यसैवाट उजागर हुन्छ ।

तपाइहरु पशुपतिनाथ धाम, आयुर्वेद शिक्षालय तथा क्यान्सर पिडीत बिपन्न बर्गका लागि सहयोग पुऱ्याउने उदेश्यका साथ महायज्ञ गरिदै छ भन्नु हुन्छ , जतातते **महायज्ञवाटै फलिफाप हुन्छ भने यो कम्युनिष्ट सरकारको दायित्व के त ?**

तपाईले ठिक प्रश्न गर्नुभयो, मनमा लागेको कुरा खोल्नुभयो, यो त धार्मिका उदेश्य प्रेरित महायज्ञ हो । कसैले जटिल रोगाट ग्रसित बिरामीले उपचार पाएका छैनानु, धार्मिक मठ मन्दिर जिर्ण भएका छन् , आयुर्वेद शिक्षालय छैन भने त्यस्तोमा सहयोग गर्ने अभिप्रयले महायज्ञ गर्न लागिएको हो । जाहासम्म कम्युनिष्ट गणतान्त्रिक सरकारको दायित्वको कुरा छ, यस्ता संवेदनशील बिषयमा सरकारले सोच्नुपर्ने हो, गर्नु पर्ने हो ।

**महायज्ञवाट जलवायु परिवर्तनमा सघाउ पुग्ला ?**

हाम्रो सोच नै जल वायु परिवर्तनमा नियन्त्रय गरिनुको साथै कतिपय काममा दीर्घकालीन सोच बनाउदै त्यसको सदुपयोग गर्ने अठोटका साथ अगाडी बढेका छौं ।

**मनकामना देवी राजा राम शाहकी रानी हुन् भन्ने कतै कतै सुन्ने गरिन्छ, हिन्दु शास्त्रमा केही फेला पार्नु भएको छ ?**

मनकामना देवी राजा रामकी रानी हुन् भन्ने तथ्य नभेटिए पनि राजा द्रव्य शाह तथा केही राजाहरुका शासन कालमा दैवी शक्ति रहेको भन्ने भनाइ छ ।

**बिराट महायज्ञको आयोजना गदै गर्दा हिन्दु राष्ट्र र धर्म सापक्षेताको उठान किन गर्नु भएको छैन ?**

कोटीहोमा हिन्दु राष्ट्रवादको पक्षमा रहेको छ । हामी त्यसको पक्षपाती हौ । यस्तो यज्ञ गर्नु वैदिक सनातन वादीहरुको धर्म पनि हो ।हामी यज्ञ यज्ञदी गरेर अगाडी बढ्छौ ।

**तपाईहरु साच्चै हिन्दु राष्ट्र र हिन्दु संवैधानिक राजतन्त्रको पक्षमा हुनुहुन्छ ?**

पहिला पहिला राजाहरु धर्मत्मा हुनुहुन्थ्यो । धर्म र राजाको संबनध राम्रो थियो धर्मले राजाको संक्षण गर्छ र संक्षण दिनु पनि पर्छ । यसको अर्थ हामी राजावादी होईनौ, धर्मत्मा हौ ।

**त्यसो भए पुर्व राजा ज्ञानेन्द्र धर्मत्मा हुनुहुन्छ कि हुनुहुन्न ? बिचरा ! त्यत्रो राजपाठ, राजमुकुट र धेरै सम्पति स्वाहा हुदा पनि जनताको माझमा मुस्कुराउदै हिड्नु भएको छ , मठ मन्दिर चाहार्नु भएको छ , घण्टौ पुजा आज गर्नु हुन्छ तपाईको के छ प्रतिकृया ?**

पुर्व राजा धर्मत्मा हुनुहुन्छ सत्य हो । उहाले मठ मन्दिरमा पुजा पाठ गर्न पाउनु पर्छ ।

**यो वताई दिनुस कि हिन्दुत्व र हिन्दु राजतन्त्र सँगै अटाउन सक्छ कि सक्दैन ?**

हामीलाई राम जस्तो राजा चाहिन्छ । हामी बशिष्ट कुलमा छौ । त्यही बंशमा बिश्वास गर्छौ ।

**बिराट ज्ञान महायज्ञको प्रभाववाट हिन्दुत्व जगाउने र राजसंस्था फर्काउने उदेश्य रहेको भन्ने ब्यापक चर्चा छ । के यो सत्य हो ?**

कोटीहोमले जलवायु परिवर्तनमा मद्दत पुऱ्याउछ । यो महायज्ञ सवै धर्मलम्बीलाई समेट्ने एउटा प्रमुख पक्ष हो । यो धेरै खर्चिलो पनि छ । यो यज्ञ वैदिक विधिवाट हुने हुदा यसको रेकर्ड गरेर मात्र प्रतिफलको रिजल्ट निस्कने छ ।

**अन्तमा केही निस्कर्ष दिनुहुन्छ की ?**

सदियौ परापुर्वकाल देखि मान्दै आएको हिन्दु धर्म हाम्रो सनतन धर्म भएको र यसको रक्षा पहिला देखि नै राजा महाराजाहरुले जोगाउदै आएकोमा यसको रक्षा यतिखेर हुन सकेको छैन । यसको रक्षाको लागि हामीहरु जस्ता योगी, सहन्त, महन्थ , पिठाधिस, बाल ब्रह्मचारी सवै हिन्दु धर्मलम्बीहरुले जोगाउनु परेको छ ।जसरी धर्मको रक्षार्थ द्वापर युगमा भगवान श्रीकृणको उदय भएको थियो त्यसरी नै कलियुगमा धर्मको रक्षर्थ पुन: श्रीकृष्णको उदय हुन जरुरी छ ।

यसका लागि यो बिराट ज्ञान महायज्ञको थालनी गरेका छौ । हामीले

# राष्ट्र बलियो बनाउन बिपीको मेलमिलाप



रबिभद्र शर्मा खनाल

रबिभद्र शर्मा खनाल नेपाली कांग्रेसको क्रियाशिल सदस्य हुनुहुन्छ । उहा भ्रष्टचार बिरुद्ध अभियाँन चितवनको कोषाध्यक्ष पनि हुनुहुन्छ । तनहु जिल्लाको तत्कालीन गद्दी चौतरा गाउपञ्चायत वडा न. २ मा जन्मनु भएका खनाल यतिखेर भरतपुर महानगरपालिका वडा न. ७ कृष्णपुर कटहर चोकमा बसोवास गर्नु भएको छ । यो अंङकमा उहाको बिचार समेटेका छौ ।

**तपाई नेपाली कांग्रेस प्रबेश गर्दाको अवस्थाको बारेमा केही बताई दिनुस न ?**

नेपाल बिद्यार्थी संघको सदस्य लिएर मैले कांग्रेसको राजनीतिमा प्रबेश गरेको हु । २०३६ सालमा नेपाली कांग्रेसको सदस्यता लिए । २०५१ सालमा पार्टीको क्रियाशिल सदस्यता प्रप्त भयो । जो अध्यावधि हुदैछ । २०३७ को जनमत सग्रहमा बहुदलको पक्षमा लाग्दै गर्दा म बर्दियामा थिए । मेरो जागिर गुलरियामा थियो । तत्कालीन सिडियोले कर्मचारी भएर राजनीति गर्ने ? भन्दै वारेण्ट जारी गऱ्यो । पक्राउ गर्न सकेन । त्यो वेला भुमिगत राजनीति गर्न ठुलो सकस थियो ।

**त्यो बेला भन्ने गरिएको पञ्चायती प्रजातन्त्र र अहिलेको गणतन्त्रमा के भिन्नता पाउनु भएको छ ?**

२०१७ साल पौष १ गते राजा महेन्द्र वाट संवैधानिक ब्यवस्थामाथि "कु" भयो । जन निर्वाचित बिपी कोईरालाको सरकारलाई अपदस्त गरियो । जव सरकार अपदस्थ भयो, हामी सवै परिवारका सदस्यहरुलाई वारेण्ट काटियो । मेरो पढाई लेखाईमा नराम्रो धक्का पुग्यो । अहिलेको लोकतान्त्रिक गणतन्त्रमा पनि "मै खाउँ मै लाउँ" को राजनीति हावी भएको छ । खासै भिन्नता केही छैन । चाकरी वाज बढेका कारण गणतन्त्र बदनाम भएको छ ।

**कांग्रेसमा जहिले पनि किचलो भईरहने कारण के हो ?**

जननायक बिपी कोईरालाको कार्यकालमा किचलो थिएन । गिराजा बाबु, किसुनजी र गणेशमान जी पालावाट किचलो शुरु भयो । लोभिपापीको फन्दामा नेतृत्व तह फसेको छ । पछिल्लो समय त झनै किचलोले उग्र रुप लिएको छ ।

**शेर बाहादुर र रामचन्द्र पौडेलको खटपट के होला ?**

हाम्रा आदरणीय पार्टी सभापति र वरिष्ठ नेताबीचको खटपट उदेक लाग्दो छ । एउदाले अर्कोलाई सुझाव दिन जान्नु पर्ने हो । उहाहरुमा पटक्कै पार्टी प्रति चिन्ता छैन, छैन, छैन ।

**कम्युनिष्ट सरकारले लोकतन्त्रलाई सुरक्षित गर्न सक्ला ? कस्तो देख्नु भएको छ अहिलेको कार्यशैली ?**

काही नभएको जात्रा हाडी गाउँमा जस्तो भएको छ । नारा लोकतन्त्र र प्रजातन्त्रमा मात्र सिमित छ । उहाहरु कार्ल मार्क्स र माओको फोटो राखेर पुजा गर्नुहुन्छ । सरकारले बिसंगति र बिकृति बढाएको छ । कम्युनिष्ट नेताहरुले लोकतन्त्रको स्थायित्व दिन सक्ने स्थिति छैन ।

**बिपी कोइरालाले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रमा मान्यता राख्नुहुन्थ्यो । मुलुकले त्यस्तै आवाश्यक्ता महसुस गरेको हो ?**

जन नायक बिपी कोईरालालाई मैले २०३६ साल फागुनमा गुलरियामा भेटेको थिए । उहाले भन्नुहुन्थ्यो नेपालमा राजतन्त्र चाहिन्छ । हामीलाई नेपालको अस्तित्व र गौरव जोगाउनु छ । त्यसै कारण नेपाली कांग्रेसले संवैधानिक राजतन्त्र राखेको हो भन्दै बिपीले हामीलाई सम्झाउनु हुन्थ्यो ।संविधानमा राजाको सदा राष्ट्रप्रतिको व्यवस्था गरिएको छ । राष्ट्रपतिले लिने सुविधा र संवैधानिक राष्ट्रपतिले लिने सुविधा फरक भएका कारण बिपीले भन्नु भए झै संवैधानिका राजतन्त्रको महसुस गरिएको हो । कम्युनिष्ट सरकारको यस्तै रवैया रहेमा २०४७ होइन २००७ सालको अवस्थामा पुग्ने खतरा रहेको छ । किनभने कम्युनिष्ट पार्टी अधिनायकवाद तर्फ लागेका छन् ।

**अमेरिकामा रहदा तपाईले नेपालको लोकतन्त्र र अमेरिकाको लोकतन्त्रमा के के बिषयमा फरक महसुस गर्नु भयो ?**

मैले राजनीति शास्त्रमा आई. ए सम्म अध्ययन गरेको छु । राजनीतिमा अत्यन्त चासो राख्दछु । प्रजातान्त्रिक मुलुक बेलायत, अमेरिका घुम्ने शिलसीलामा प्रजातन्त्रका वारे् धेरै अनुभव भयो ।प्रजातन्त्र भनेको सुखी जनता र समृद्ध मुलुक नै हुने रहेछ । नेपाल कै अवस्था हेरेर चित्रण गर्नुहोस् फरक याहीनिर देख्नु हुनेछ ।

**राजनीतिमा लागेको प्रेरेणा कस्लाई दिनुहुन्छ ?**

राजनीतिमा लाग्ने प्रेरेण पिताजी वाट पाए । सर्व प्रथम हाम्रो परिवार भित्रको दाजु श्री भद्र शर्मा वाट अझै बढी प्रेरेण मिल्यो । उहाँ २०१५ सालको काग्रेस तर्फवाट निर्वाचित मन्त्रि हुनुहुन्थ्यो ।

**भष्टचार निवारण गर्न तपाईको संस्थाले कतिको प्रच्याश गरेको छ ?**

२०५९ सालमा हाम्रो संस्था ट्रान्सपरेन्सी इन्टरनेशनल नामले परिचित थियो । २०६५ सालमा भ्रष्टचार बिरुद्ध अभियाँन चितवन नामले चिनियो र अहिले सम्म त्यही छ । अग्रेजीमा यसलाई( ACC chitwan) भन्ने गरिन्छ । यसले भरतपुर महानगरका २९ वटै वडामा भ्रष्टचार बिरुद्धको अभियाँन चलाएको छ ।

Green Hut Lounge
&
Cafe with Banquet

तपाईहरुको सेवामा सधैं समर्पित छ ।

स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ ।
स्थान: चण्डोल चोक, काठमाडौं

सम्पर्क नम्बर:०१-४४३४११३

# ग्लोवल र जनताको मर्जरमा कसले के पाए कसले के गुमाए

काठमाडौं केहीदिन अगडी ग्लोवल आईएमई बैंकको कर्पोरेट मुख्यालय कमलादी पुग्दा धेरै जसो कर्मचारी पोको पुन्तुरो कस्दै थिए । गएको महिन नेपालको इतिहाँसमै ठुलो मर्जर गरेका ग्लोवल आईएमई बैंक र जनता बैंक एकिकृत कारोवार प्रश्चात कर्पोरेट कार्यालय साविक ग्लोवलकै कार्यलयलाई बनाइएको रहेछ । त्यसैले त ठुलो बैंकको केन्द्रीका कार्यलय भएकाले अधिकांस विभागहरु र त्यसका कर्मचारीलाई अन्यत्र स्थानान्तरण हुन भ्याइ नभ्याइ थियो । बानेश्वर जनता बैंक खुल्दाको केन्द्रीय कार्यालय रहेको ठाउँलाई अपरेसन डिपाटमेन्ट बनाइएको छ । साविक जनता बैंकको केन्द्रीय कार्यालय रहेको थापाथलीलाई मार्केटिङ विभाग बनाइर्एको छ । विजनेशको मेजर अफिस साविक कमर्ज एण्ड ट्रष्टको कमलादी कार्यलयलाई बनाइएको छ ।

दुई बैंकमा कार्यरत ३२ सय ५० कर्मचारीलाई बराबर समायोजन गरिएको छ । कसैलाई घटुवा कसैलाई बढुवा गरिएको छैन ।

गत साता निक्कै अव्यवस्थीत गरी एकिकृत कारोवार गरेका यी दुई बैंकले फेरी पाँच तारे होटलमा एकिकृत कारोवारको ठुलो पार्टी आयोजना हुने संबद्ध स्रोतले बताएको छ ।

नेपालकै इतिहाँसमा ठुलो मर्जरको नमुना दिइएको मर्जरमा साविक २ बैंकले के पाए के गुमाए त हामिले यसबारे खोतल्लने प्रयास गरेका छौं ।

**जनता बैंकले गुमायो ५ जना संचालक**

ग्लोवलसँग मर्जरको ५ महिना अगाडीमात्र एमओयू गरेको साविक जनता बैंक नेपाल लिको नाम अनलाइनमा सुन्न पाइने छैन । धेरै थरीले ग्लोवल जनता नाम राख्न सुझाएपनि ग्लोवलका विषेसगरी चन्द्र ढकालले मानेनन् । नाम गुमाएको जनता बैंकले ५ जना संचालकसमेत गुमाएको छ । जनता बैंकका निवर्तमान संचालकहरु लंकबाहादुर केसी, रामबहादुर भण्डारी, गौतम प्रसाद खनाल, संजिव न्यौपाने र मिन कुमारी सैंजु हटेका छन । जनता बैंकबाट केशवबहादुर रायमाझी र विनितकुमार अग्रवालले मात्र ठुलो बैंकको संचालक बन्ने अवसर पाए । ग्लोवल बैंकमा यसअघिनै ५ जनामात्रै संचालक थिए । चन्द्रप्रसाद ढकाल, सुदर्शनकृष्ण श्रेष्ठ, सुमन पोखरेल, कृष्णप्रसाद शर्मा र नुमनाथ पौडेल यथावत रहेका छन ।

यसमध्ये पोखरेल चन्द्र ढकालका पछिल्लो समय विश्वासपात्रको रुपमा उदाएका छन । उनलाई ढकालले बैंकको कर्मचारी बनाउन प्रयास गरेका थिए । शर्मा राष्ट्रिय बाणिज्य बैंकको पुर्व सिईओ भएकाले ढकालले काही युज गर्नको लागी टिकाइराखेका छन ।

**ग्लोवललाई अध्यक्ष जनतालाई सिईओ**

साविक ग्लोवल बैंकका अध्यक्ष रहेका चन्द्र ढकाल मर्ज पछी पनि अध्यक्ष कायम रहेका छन । उता २ जना संञ्चालक मात्र पाएको जनता बैंकले सिईओ आफ्नो पोल्टामा पार्न सफल भएको छ । मर्जरको एमओयूमै अध्यक्ष र सिईओको भागवण्डा टुङ्गीए पनि ग्लोवल बैंकमा हालसम्म सिईओले प्रोफेसनल्ली काम गर्न पाउका छैनन । हक्की बैंककरको परिचय बनाएका रत्नराज बज्राचार्य त ४ वर्षमा ५ पटक चन्द्र ढकाललाई राजिनामा थपाएर छोडन खोजेका थिए । ढकालले अर्को कार्यकाल रिन्यू गर्न खोजेपनि बज्राचार्य कहिले छोडौंला झै गर्दै सनराइज बैंक चलाउन गएर पनि एक कार्यकाल विताएर बजारमा खाली बसेका छन । बज्राचार्य बाहेक कसैले पनि ग्लोवल बैंकमा सिईओ टिकेका छैनन ।

त्यसैले पनि काममा प्रतिवद्ध तर हक्की बैंकरको परिचय बनाएर हालका सिईओ परसुराम क्षेत्री पनि पुरै कार्यकाल टिक्नेमा संका उब्जिएको छ । एक त क्षेत्री आफै पनि दवाव खप्न नसक्ने व्यक्तिमा पर्छन भने अध्यक्ष ढकाल दवावमा पारेर प्राइभेट कम्पनीझै बैंकबाट अनैतिक फाइदा लिने गर्छन । त्यसैले सिईओ क्षेत्री ढकाललको दवावमा परेर काम गर्ने शैलीका सिईओ होइनन् । क्षेत्री पनि सिनियर डेपुटी सिईओमा महेश ढकाललाई बनाइएको छ । ढकाल चन्द्रले जे भन्यो त्यही मान्ने एस म्यान हुन । मेगा बैंकका थर्ड पोजिसनका ढकाल १ वर्ष अघिमात्र ग्लोवल बैंक गएका हुन । सिईओलाई हरेकफाइल डेपुटी सिईओ महेश ढकालले हेरेपछि मात्र फरवार्ड हुनेगरी बनाइएको छ । लगभग सिईओ र डेपुटी सिईओ ढकाललाई उस्तै हैसिएत दिइएको छ । त्यस्तै सेकेण्ड डेपुटी सिईओमा जनता बैंकका डेपुटी सिईओ रहेका सुजित शाक्यलाई बनाईएको छ । उनि परसुराम श्रेत्रीका फ्यान हुन । क्षेत्रीसँग टिउनिङ मिल्ने भएकाले शाक्यलाई जनताका ३ डेपुटीलाई एकैपटक हटाएर ल्याइएको थियो । शाक्यालाई डिजिटल बैंकिङ, एचआर, पिआर र ब्राण्डिङको जिम्मेवारी दिइएको छ ।

**कर्मचारीमा जनताकै हावी**

१ महिना लगाएर टुङ्ग्याएको मर्जरमा कर्मचारी समायोजनमा जनता बैंक हावी भएको छ । तर पनि बैंकको महत्वपुर्ण डिपाटमेन्ट हेडहरु जनताका पोख्त भएपनि ग्लोवलकालाई दिइएको छ । ग्लोवल आइएमईमा हाल ३ जना डिजिएम रहेका छन त्यसमा ग्लोवलबाट १ जना र जनताबाट २ जना परेका छन । सिनियर डिजिएम प्रमोद बोहोरा जनताका पुराना र्कचारी हुन । बोहोरा पछि ग्लोवलका सुरेन्द्र रेग्मी र जनताका कल्याण पाण्डे डिजिएम रहेका छन । बोहोरालाई अपरेसन हेड बनाइएको छ भने सुरेन्द्र रेग्मीलाई एसएमई, रिटेल बैंकिङ र क्रेडिट पुरैको जिम्मेवारी दिइएको छ । त्यस्तै कल्याण पाण्डेलाई कर्पोरेट क्रेडिट, प्रोजेक्ट फाइनान्सिङ र मार्केटिङको जिम्मेवारी दिइएको छ । त्यस्तै २ जना एजिएममा ग्लोवलकै रहेका छन त्यसमा पनि ढकालकै नातेदार । चन्द्र ढकालको नाताले साँढुभाईकी श्रीमती भवानी ढकाल र उनकै पारिवारिक नातेदार बुद्धी अकेला रहेका छन । त्यसैगरी चिफ म्यानेजर १२ जना रहेकोमा ६ जना ग्लोवल बाट र ८ जना जनताबाट बनाइएको छ । ढकाललाई चिफ कम्प्लायन्स र अकेलालाई रिक्सको जिम्मेवारी दिइएको छ । नेपालमा चन्द्र ढकालको स्वामित्वमा बैक, मनिटन्सफर, केवलकार, ट्रभल, अटोमोवाइल, इन्सुरेन्स, लगायत थुप्रै व्यवसाय रहेका छन् भने अहिलेको नेकपाको वरिपरि घुम्ने र सरकारलाइ समेत प्रभावित पारेर फाइदा लिने माहिर खेलाडी मानिन्छन् भने उनको नेपालमा र बिदेशमा रहेको लगानी समेत शंकास्पद रहेको देखिन्छ ।

# कामना सेवाले प्रदेश नं ५ मा खोल्यो एकैसाथ २ शाखा

कामना सेवा बिकाश बैकले प्रदेश ५ अन्तर्गत नवलपरासी जिल्लाको बर्दघाट नगरपालिका वडा न. ४, बर्दघाट र रुपन्देही जिल्ला, तिलोत्तमा नगरपालिका वडा नं. ५, मणिग्राममा यहीमाघ ०५ गते एकैसाथ २ वटा शाखा कार्यालय



स्थापना गरि साशा सञ्चालनमा ल्याएको छ । बैंकको शाखा संख्या ११६ पुगेका छन् । बर्दघाट शाखाको बर्दघाट नगरपालिकाका प्रमुख धिरज शर्मा बस्याल र बैंकका सञ्चालक भिम प्रसाद तुलाचनले संयुक्त रुपमा उदघाटन गर्नु भएको थियो । यसै गरी मणिग्राम शाखाको उ्घाटन तिलोत्तमा नगरपालिका बासुदेव घिमिरेर बैंकका सञ्चालक भीम प्रसाद तुलाचनले संयुक्त रुपमागर्नु भएको थियो । काठमाडौं कामना सेवा विकास बैंक लिमिटेड र नेपाल क्लियरिङ्ग हाउसबीच आर.टि.जि.एस.सम्झौता सम्पन्न भएको छ । नेपाल क्लियरिङ्ग हाउससँग भएको सम्झौता अनुसार बैंकका ग्राहकहरुले IPS/Connect IPS सुविधा अर्न्तगत आर.टि.जि.एस. सुविधाप्राप्तगर्न सक्ने छन्, जसबाट अन्तर बैंक भुक्तानी सुविधामा सहजता आउने दावी बैकले गरको छ । बैंकले नेपाल र ाष्ट्र बैंकको भुक्तानी प्रणाली विभागसँग पनि आर.टि.जि.एस.सम्झौता गरि सकेको छ ।

## हार्दिक शुभकामना

नेपाल भ्रमण वर्ष २०२० को शुभ अवसरमा नारायणगढमा हुन गइरहेको विशाल महायज्ञको पुर्ण सफलताको शूभकामना ब्यक्त गर्दछु ।

रविभद्र शर्मा खनाल

## हार्दिक शुभकामना

नेपाल भ्रमण वर्ष २०२० को शुभ अवसरमा नारायणगढमा हुन गइरहेको विशाल महायज्ञको पुर्ण सफलताको शूभकामना ब्यक्त गर्दछु ।

प्रो. विमल गुरुङ/साजन गुरुङ

सूर्यदय काष्ठ तथा फर्निचर उद्योग

आनन्द मार्ग, बेलचोक, नारायणगढ, चितवन

## हार्दिक शुभकामना

नेपाल भ्रमण वर्ष २०२० को पावन अवसरमा ऐतिहासिक कोटिहोम महायज्ञ धार्मिक पर्यटनको आधार सफलताको हार्दिक शूभकामना ।

टेकबहादुर गुरुङ

पूर्व प्रहरी निरिक्षक

रामनगर–१, चितवन

## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ । घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।

*आकर्षणहरु*

१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,
२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने
३. पार्कमा पिकनिकको व्यवस्था भएको,
४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।

# बैकिङ्ग संसार

## डेपुटी गभर्नर शिवराज श्रेष्ठको पुनर्बहाली

काठमाडौं । ७७ दिन निलम्बनमा परेका राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठको सोमबार पुनर्बहाली भएको छ । डेढ महिना अघि सरकारकै आदेशमा अनियमितताको आरोप लगाउँदै छानविन भएपछि डेपुटी गभर्नर श्रेष्ठ छानवीनमा परेका थिए । छानबिन समितिले गत मंसिर २४ गते राष्ट्र बैंक सञ्चालक समिति समक्ष आफ्नो प्रतिवेदन बुझाएको थियो र राष्ट्र बैंकले मंसिर २५ गते सरकारलाई उक्त प्रतिवेदन बुझाएको थियो ।



गत पुस २८ गतेको मन्त्रिपरिषदले छानविन समितिको प्रतिवेदनका आधारमा श्रेष्ठ दोषी नदेखिएको भन्दै सफाइ दिने निणर्य गरेको थियो सोमवारनै श्रेष्ठले बैकमा आफ्नो कार्यभार समालेका छन् ।

## मुक्तिनाथ देवः बैंक लिमिटेडबीच आरटिजिएस सम्झौता

काठमाडौं नेपाल राष्ट्र बैंक र मुक्तिनाथ विकास बैंक लि तथा देव:विकास बैंक लिमिटेडबीच आरटिजिएस - च्त्न्क) प्रणाली सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पत्रमा नेपाल राष्ट्र बैंकको तर्फबाट



कार्यकारी निर्देशक बम बहादुर मिश्र,मुक्तिनाथ विकास बैंक लि.कातर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रद्युमन पोखरेल र देव:विकास बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत विजयबहादुर श्रेष्ठले हस्ताक्षर गरेका छन् ।

यस सम्झौता पश्चात भुक्तानी प्रणालीमा सहजता आउने बैंकले जनाएको छ । मुक्तिनाथ विकास बैंकले हाल ४२ जिल्लामा १३४ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप कर्जा सेवाहरु प्रदान गर्दै आई रहेको छ साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग लगायतका सेवाहरु पनि प्रदानगर्दै आई रहेको बैंकका प्रमुख सूचना अधिकारी तिलबहादुर गुरुङ्गले जानकारी दिएका हुन् ।

## मेगा बैंकको न्यानो कपडा वितरण कार्यक्रमा सम्पन्न

काठमाडौं मेगा बैंकले उदयपुरमा बालबालिकाहरुलाई न्यानो कपडा वितरण गरेको छ ।मेगा बैंकले नेपाल सामाजिक विकास तथा जन सशक्तिकरण केन्द्रमार्फत उदयपुरको बेलका नगरपालिकाका विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको हो ।

बेलकाको सरस्वती आधारभुत विद्यालय एबीसी कोशीटप्पु र बेलका नगरपालिकाकै झालमनटीस्थित सरस्वती आधारभुत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई पूर्वमन्त्री एवं संघीय सांसद डा. नारायण खड्का र मेगा बैंक प्रदेश नम्बर १ का प्रमुख विवेकबन्धु न्यौपानेले न्यानो कबडा वितरण गर्नुभएको हो । चिसोका कारण विद्यार्थीहरु विद्यालय जान नसक्ने अवस्थाको अन्त्य होस् भन्ने उद्देश्यले न्यानो कपडा वितरण गरिएको मेगा बैंकले जनाएको छ ।

गत साता मात्रै मेगा बैंकले लुम्बिनी क्षेत्रका मुसहर र नेटुवा बस्तीका १५० भन्दा बढी घरधुरीका लगभग २०० बालबालिकालाई ब्याल्याङ्केट वितरण गरेको थियो । मेगा बैंकले संस्थागत सामाजिक उत्तरदायित्व मार्फत विभिन्न सहकार्य एवं सहायताका साथै असहाय तथा विपन्न वर्गका बालिकाहरुको शिक्षाका लागि पनि सहयोग गर्दै आएको पनि बैकले जनाएको छ ।

## सिराहामा प्रभु बैंकको काउण्टर सञ्चालनमा

प्रभु बैंकले सिराहा जिल्लाको सिराहा नगरपालिका स्थित वडा नं ७ जिल्ला प्रशासन कार्यालयमा एक्स्टेन्सन काउण्टर सञ्चालनमा ल्याएको छ ।

सिराहास्थित जिल्ला प्रशासन कार्यलयमा स्थापित एक्स्टेन्सन काउण्टरको सिराहाका प्रमुख जिल्ला अधिकृत गोपाल कुमार अधिकारीले उदघाटन गर्नुभएको थियो ।

नेपाल राष्ट्र बैंक तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी विभिन्न सरकारी निकायहरुको बैंकिङ्ग कारोबार प्रभावकारी रुपमा सञ्चालन गरिरहेको प्रभु बैंकले जिल्ला प्रशासन कार्यलयमा पनि सेवा विस्तार गरेको छ ।

प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आउने सेवाग्राहीहरुलाई रकम जम्मा गर्न र जिल्ला प्रशासन कार्यलयको काम गर्न प्रभु बैकको काउण्टर थपेसगै सहज र सरल भएको छ । प्रभु बैंकको एक्स्टेन्सन काउण्टरबाट प्रवाह गरिने बैंकिङ्ग सेवाबाट स्थानीयबासी तथा सेवाग्राहीहरुले प्रभु बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा उपभोग गरी लाभान्वित हुने बैंकले विश्वास लिएको जनाएको छ ।

# कहाँ छ बाल अधिकार



कृष्ण बहादुर बोगटी 'काका'
धुम्बाराही ४ काठमाण्डौ
हाल : चक्रबहिल -१२, ललितपुर

साना बालबालिकाहरुले फोहोरबाट खाना टिपेर खाइरहेको चिसो सडकपेटिमा सुतेको जस्ता बालबालिकाको विचल्ली भएको झल्किने विविध फोटोहरु खिची विदेशी दाताहरुलाई देखाई उनिहरुका उद्दार गर्ने भन्दै संस्था संचालन गरी बसेका संचालकहरु सडक बालबालिकाको त हैन बरु आफु, आफन्त र आफ्ना आसेपासेको उद्दार गर्न भने सफल भएका छन् । उनिहरुको पहिलाको अनि अहिलेको काम कागजी मात्र गर्ने तथा भ्रष्टाचारको पराकाष्टा नाघ्दै आफ्नो र आफ्नो परिवारको जीवनस्तर उकास्दै जाने प्रबधि बड्दै गएको छ । आलिसान महलमा बस्ने करौडौको गाडी चढ्ने अनि आफूलाई मान अधिकारवादी हुँ भन्ने भ्रष्ट संचालकहरुलाई कुनै कार्यवाही नभएको देख्दा यो देशमा कानुन भन्दा माथी शक्ति, पहुँच र पैसाको शासन छ भन्ने आम बुझाई हुन पुगेको छ । विविध क्षेत्रमा काम गर्न खोलिएका संस्थाहरु डलरको खेति गर्नमा नै तल्लिन हुने अवस्थाले गर्दा सम्वन्धित क्षेत्रमा हुनु पर्ने खर्च आफै पचाउने संस्था संचालकहरु सुरुमा के थिए र आज कहाँ पुगे प्रत्यक्ष देखिएकै कुरा हो तर खै किन हो हाम्रो प्रशासन तथा जिम्मेवार निकायहरु यसमा मौन बसेको देखिन्छ। समाज सेवा गर्ने नाममा आफै मेवा खाने प्रबृत्ति रहे स्थिति सधै यस्तै रहने पक्का छ । अझ बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको प्रगती विवरण हेर्ने हो भने कति राम्रा राम्रा काम भएको पढ्न पाइन्छ तर यथार्थ त हाम्रो देशका सडक, होटल, मिल जता हेरे पनि प्रष्ट देखिन्छ, न त सडक बालबालिकाको संख्या घट्दो छ न बाल मजुदरको संख्या कम हुन सकेको अवस्था छ । अझ तथ्याङ्क हेर्ने हो भने पहिले भन्दा बढि जोखिम परिस्थितिमा बालबालिका रहेको देखिन्छ, किन त ? उत्तर सबैलाई थाहा छ । राम्रो काम गरे समस्या हल हुन्छ अनि माग्ने बाटो बन्द हुन्छ । नेपालमा यति धेरै संघ संस्था खोलिएका छन् बालअधिकारका नाममा तर पनि देशमा बालअधिकार नारामा मात्र सिमित हुनुको पछाडी संस्था संचालकहरुले निस्वार्थ भावले काम गर्न नसक्नु नै हो । जबसम्म यहाँ भ्रष्ट संचालकहरुलाई कडा भन्दा कडा सजाय हुन्न यो रोकिनेवाला पनि छैन तर सरोकार वालाहरु कानमा तेल हालेर बसेको भान हुन्छ । राम्रोसंग छानविन गर्ने हो भने नेपालका प्राय एन.जि.ओ., आइ.एन.जि.ओ. का संचालकहरुको अकुत सम्पत्ति पत्ता लाग्छ । कुनै बेला साइकल समेत नहुनेहरु अहिले पजेरो चढ्छन । अरुको घरमा भाडामा बस्नेहरु अहिले आफ्नो आलिसान महल बनाउन भ्याइ सके तर पनि कुनै छानविन छैन। गरिबहरुलाई दुई छाक टार्न गाह्रे छ देशमा सबै क्षेत्रमा समस्या छन् । तिनै समस्या देखाएर विदेसबाट सहयोगका नाममा करोडौ भित्राएर पचाउन पल्केका यस्ता भ्रष्ट संचालकहरु दण्डका भागी छन् विडम्बना भनौं कारवाही कसले गर्ने ?

## खेलकुद

# माघ ११ गते रत्ननगरमा राष्ट्रिय म्याराथोन हुने



चितवन । नेपाल भ्रमण वर्ष २०२० लाई प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रिय म्याराथोन प्रतियोगिता २०२० आयोजना हुने भएको छ ।

रोटरी क्लब अफ रत्ननगरले माघ ११ गते सो प्रतियोगिता गर्न लागिएको शनिवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

पत्रकार सम्मेलनमा क्लबका अध्यक्ष बिपिन पोखेलले राप्ती नगरपालिकाको भण्डामारादेखि शुरू भई रत्ननगरको स्टार बैंयुट होटलमा आएर सम्पन्न हुने जानकारी दिए । मिनी म्याराथोन १५ किलोमिटर दूरीको रहनेछ ।

विभागीय समूह नेपाल आर्मी, नेपाल प्रहरी, सशस्त्र प्रहरीसहित चेपाङ गरी ३ सयभन्दा धावकको सहभागिता रहने छ । म्याराथोनमा सहभागिता जनाउनका लागि रत्ननगरमा रहेको होटल स्टार बैंकयुटमा रहेको सचिवालयमा नाम दर्ता गराउन सकिने छ ।

सहभागिता जनाउनका लागि धावकहरुले अनलाइनमार्फत समेत नाम दर्ता गर्न सक्नेछन् । नाम दर्ता गर्नका लागि माघ ८ गतेसम्मको समय तोकिएको उनले जानकारी दिए । प्रतियोगितामा प्रथम हुनेले ५० हजार, द्वितीय हुनेले २५ हजार र तृतीय हुनेले १५ हजार रुपैयाँ नगदसहित चाँदीको मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगिता पूरा गर्ने महिला धावकलाई नगद ५ हजार रुपैयाँले सम्मान गरिने छ । प्रतियोगिताको रोटरी ३२९२ का गभर्नर किरणलाल श्रेष्ठले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । रोटरी क्लब अफ रत्ननगरले यसअघि रोटरी पुस्तकालय, शहीद स्मृति पुस्तकालय, लटौली खाजा तथा लघुवित्त कार्यक्रमको सञ्चालन, रोटरी सार्वजनिक शौचालय निर्माण, बृहत् रक्तदान कार्यक्रम जस्ता सामाजिक काम गर्दै आएको छ । भ्रमण वर्षलाई लक्षित गर्दै क्लबले सौराहामा रोटरी घण्टाघरको निर्माणको कामसमेत शुरू गरेको क्लबका निवर्तमान अध्यक्ष जनक पौडेलले जानकारी दिए ।

# औषधी प्रयोगमा ध्यान दिनुपर्छ

**सुरेश कुमार अधिकारी "मित्र"**

## स्वास्थ्य

प्रायजसो हामीहरु आफुलाई वा घर परिवारलाई स्वास्थ्यमा केही प्रतिकुल भईहाल्यो भने सानो तिनो उपचार ठानेर आफै डाक्टर बन्छौं र सिधै औषधी पसलमा गएर टाउको दुखेको , वान्ता भएको, ज्वरो, रुघा, खोकीको, ज्यान देखेको, ग्याष्ट्रिकको औषधी यो यो दिनुस भनेर माग्ने गर्दछौं । यदि यसरी आफ्नै तरिकाले औषधी खाने बानी गरिएको छ भने त्यसवाट प्रतिकुल असर पर्ने बारेमा पनि ध्यान राख्नु पर्ने छ । यदि डाक्टरकोमा जान नचाहे वा नसके औषधी पसले फर्मास्टिकल, एच ए वा सि एम ए जो छ उसँग आफुलाई भएको अवस्था राम्ररी बताएर मात्र औषधी खाने गर्नु पर्दछ । नकी आफै डाक्टर बनेर यो वा त्यो दिनुस भनेर खानु हुदैन ।यसले कालान्तरमा आफैलाई नराम्रो असर गरेको थाहा नपाउदै हामी दिर्ध रोगी वा धातक रोगको सिकार पनि हुन सक्छौ । जस्तै मुटुको रोग, फोक्सोको रोग यि आदी रोगको सिकार हुन सक्दछन् । तसर्थ औषधीको प्रयोग संवन्धि पुर्ण जानकारी लिनु पर्दछ । मान्यता प्रप्त स्वास्थ्यकर्मी, चिकित्सकको सल्लाह लिने, औषधी सेवन तोकिएको समयमा तोकिए बमोजिमको फरकमा तोकिए समयसम्म प्रयोग गर्ने , डोज पुरा गर्ने औषधीहरु केटाकेटीहरुले नभेट्ने स्थानमा राख्ने, यदि कुनै औषधी सेवन गर्न भुलेमा सम्झने बित्तिक्कै सेवन गर्ने, औषधी सेवन गर्दा जिउ चिलाएमा छालामा डाबरहरु आएमा, स्वास फेर्न अप्ठ्यारो वा गाह्रो भएमा वा त्यस्तै जटिल लक्षण देखा परेमा बाकी औषधी सेवन गर्न छाडेर नजिकको अस्पताल वा स्वास्थ्य केन्द्र, स्वास्थ्यकर्मीसँग तुरुन्त खवर गर्ने र सल्लाह लिई उपचार गरिहाल्नु पर्दछ ।

विराट ज्ञान महायज्ञमा सहभागी होऔं
आन्तरिक पर्यटनको प्रवर्द्धन गरौं


नेपाल भ्रमण वर्ष २०२० को पावन शुभ अवसरमा नारायणी नदी किनारमा माघ ११ गतेदेखि फागुन ११ सम्म हुन गइ रहेको १०८ कुण्डिय कोटिहोम महायज्ञको पूर्ण सफलताका साथै हिन्दुत्वको पहिचान दिन सकोस हार्दिक शुभकामना ।

प्रार्थी
गोविन्द प्रसाद तिवारी
भेटघाट रेष्टुरेन्ट
शहीद चोक, नारायणगढ, चितवन

# रामेछाप डायरी

## १ सय ५६ जना आँखाका बिरामीले सेवा पायो

तामाकोशी सहकारी अस्पताल रामेछाप मन्थलीमा बुधबार सम्पन्न भएको आँखा शिविरमा डेढ सय भन्दा बढीका मोतियाविन्दुका बिरामीहरुको आँखाको शल्यक्रिया गरीएको छ । ३ दिनसम्म सन्चालन भएको आँखा शिविरबाट १ सय ५६ जना आँखाका बिरामीहरुले मोतियाविन्दुको शल्यक्रिया गराएको



सामुदायिक आँखा केन्द्र रामेछाप मन्थलीका प्रमुख वाँसुदेव अधिकारीले जानकारी दिनुभयो । मोतियाविन्दुको शल्यक्रिया गराएका १ सय ५६ जनामध्ये ५० जना रामेछाप नगरपालिका अन्तर्गतका मोतियाविन्दुका बिरामीहरु रहेको उहाँले बताउनुभयो. ।

शिविरमा जिल्लाका अन्य पालिकाबाट आएका १ सय ६ जना मोतियाविन्दुका बिरामीहरुको पनि शल्यक्रिया गरिएको रामेछाप नगरपालिकाका स्वास्थ्य शाखा संयोजक विष्णु कार्कीले जानकारी दिनुभयो । ३ दिनसम्म जारी शिविरमा छिमेकी जिल्लाहरु दोलखा, ओखलढुंगा, सिन्धुली लगायतका ठाउँबाट पनि आँखाका बिरामीहरु सेवा लिन आएको उहाँले बताउनुभयो । सो शिविरबाट जम्मा ४ सय ५० जना आँखाका बिरामीहरुले आँखा परीक्षण गराएका थिए । शिविर रामेछाप नगरपालिका तथा मन्थली नगरपालिकाको संयुक्त आयोजनामा तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं र तामाकोशी सहकारी अस्पतालको समन्वयमा सञ्चालन भएको थियो । शिविरमा वरिष्ठ नेत्र रोग विशेषज्ञ सन्दुक रुईतले मोतियाविन्दुको शल्यक्रिया गर्नुभएको थियो ।

## सूचना प्रविधि र विशेष सेवा विधेयकप्रति नेपाली काँग्रेस रामेछापको विरोध

रामेछाप । नेपाली काँग्रेस रामेछापले संसदमा विचाराधीन सूचना प्रविधि र विशेष सेवा विधेयकको विरोध गर्दै जनाएको छ । नेपाली काँग्रेस रामेछापका सभापति लवश्री न्यौपालेको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय पुगेको काँग्रेसको टोलीले जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई विरोध पत्र बुझाएको हो । आइतबार काँग्रेसले देशभरिको जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीलाई विरोध पत्र पठाउने कार्यक्रम अनुसार सो कार्यक्रम गरिएको नेपाली काँग्रेस रामेछापका सचिव लेखबहादुर कार्कीले बताए । काठमाडौंमा पनि माइतीघर मण्डलामा भेला भएर कांग्रेस नेता कार्यकर्ता जुलससहित जिल्ला प्रशासन कार्यालय पुगेका थिए । सूचना प्रविधि विधेयकमा सामाजिक सञ्जालमा कसैलाई निरन्तर जिस्क्याए ५ वर्षसम्म जेल वा १५ लाखसम्म जरिमाना वा दुवै सजाय हुन सक्नेसम्म व्यवस्था छ । संसदीय समितिले पनि यही प्रावधानसहित विधेयक पास गरेर संसदमा पठाएको छ । विशेष सेवा विधेयक भने संसदमा दर्ता मात्र भएको छ, जसमा अदालतको अनुमति नलिइ फोन ट्यापिङ गर्नसक्ने लगायतका विवादास्पद प्रावधानसमेत छ ।

## भुकम्प दिवसको असवरमा मन्थलीमा डेमो प्रदर्शन

रामेछाप । राष्ट्रिय भूकम्प दिवसको अवसमा रामेछापको मन्थली नगरपालिकामा बिहिबार भूकम्पिय सुरक्षा सम्बन्धि डेमोस्ट्रेसन प्रदर्शन गरिएको छ । जिल्ला विपत व्यवस्थापन समिति र मन्थली नगरपालिकाको अयोजनामा



भएको कार्यक्रममा डेमो प्रदर्शन गरिएको हो ।

कार्यक्रममा नेपाली सेना, नेपाल प्रहरी ,सशस्त्र प्रहरी, रेडक्रसकर्मी र स्वास्थ्यकर्मीले भूकम्प अगाडी भुकम्पको बेला र भूकम्प पछि अपनाउनु पर्ने सुरक्षाको बारेमा सुरक्षा अभ्यास गरेका थिए । भूकम्प अगाडी भुकम्पिय हिसावले सुरक्षित घर बनाउनु पर्ने, झटपट झोला तयारी अवस्थामा राख्नु पर्ने सन्देश दिन डमो देखाइएको थियो भने । भुकम्पका समयमा नहड्बडाइ सुरक्षित स्थानमा जाने, घरभित्रै ओट लागि गुडुल्किको विधि अपनाउने, हड्वडाएर नभाग्ने सन्देश दिने डेमो देखाइएको थियो । त्यस्तै भुकम्प पछि उद्दार र उचारको अभ्यास गरिएको थियो । कार्यक्रममा बोल्दै मन्थली नगरपालिका प्रमुख रमेशकुमार बस्नेतले सर्वसारणले भूकम्पीय सुरक्षा विधिको बारेमा हेरेरै जानुन् भनि कार्यक्रमको आयोजना गरिएको बताए ।

# मन मुटु भएका प्रधानमन्त्रीलाई एउटा पत्र

- अजयबाबु शिवाकोटी

विसं २०६१ को माघ १९ गते बिहान ११ बजे राजा ज्ञानेन्द्रले आफू देशको कार्यकारी भएको घोषणा गरिसक्नासाथ राजाको सरकारले पहिलो काम टेलिफोन र इन्टरनेट काटेको थियो भने एफएमले समाचार भन्न नपाउने भनेर बन्द गरियो। त्यस समय नेपालको सामुदायिक एफएम संसारकै उदाहरण बनेको थियो, जसले देशमा सूचना क्रान्ति ल्याएको थियो । तर यहि सूचना क्रान्तिसँग तत्कालिन राजा सबैभन्दा बढी डराएका देखिए । फलस्वरुप आफूले चालेको प्रतिगामी कदमको बिरोध नहोस भनेर एफएम रेडियोमा समाचार मात्र बन्द गराएनन टेलिफोन र इन्टरनेटमा समेत धावा बोले। नागरिकको आधारभूत अधिकारमाथि धावा बोलेर ज्ञानेन्द्रले सत्ता चलाउने महत्वाकाँक्षा देखाएका थिए। सो घटनाले निरंकुशहरु कसरी सूचना र यसमाथिको पहूँचसँगै डराउछन् भन्ने देखाएको थियो । अहिलेको सत्तामा पनि यो पुनरावृत्ति भएको छ । सरकारले मिडिया र नागरिक अधिकार माथिको नियन्त्रण कायम राख्ने जति विधेयक ल्याएको छ उसले सरकारको असली अनुहारलाई छर्लङग पारेको छ । विवादास्पद र प्रतिगामी विधेयकहरु ल्याएर सरकार आफ्नो सत्तामाथि कसैले पनि प्रश्न नगर्ने अवस्था सिर्जना गर्न खोज्दैछ। सरकार आफ्नो विरोध नभइ प्रशंसामात्र गर्ने गराउने चाहनाका साथ प्रकट भएको छ । मुटु भएका प्रधानमन्त्री किन आम नागरिकको चेतना र मिडियासँग डराएका हुन बुझ्न सकिएको छैन। र सामाजिक सञ्जाल चलाउने आम नागरिक र मिडियाकर्मीलाई वर्षौं जेल हाल्न खोजेका हुन् ?

प्रधानमन्त्रीले देखेको कुरा लेख्नु भनेर सम्पादकलाई भनेका छैनन् । उनले त प्रसंशा गर्ने मन मुटु भएका सम्पादक भएनन् भनेका छन् उनको अडियो सुन्दा । देखेको कुरा लेख्ने, भएको घटना लेख्ने सम्पादक भएनन् भनेका पनि होइनन, यो उनको गुनासो पनि होइन । स्पष्टै सुनिन्छ सोमबार प्रधानमन्त्री निवास वालुवाटारमै व्यवसायीहरुको एक कार्यक्रममा प्रधानमन्त्री ओलीले सरकारको कामको प्रशंसा गर्ने मन मुटु भएका सम्पादक नभएको आरोप लगाए। मृगौलाको उपचार गरिरहेपनि मुटु चाहि बलियो भएका प्रधानमन्त्री ओलीले सरकारको राम्रो कामको बारेमा भन्ने सम्पादकहरुको मुटु नै नभएको आरोप लगाउन भ्याए। प्रधानमन्त्री ओलीले यस्तो समयमा मुटुको प्रसङग छेडे जतिबेला उनी झण्डै दुई तिहाईको सरकारको नेतृत्व गरेर दुई बर्षे शासनको उत्तरार्द्धमा छन्। राज्यको शक्ति आफूमा केन्द्रीत गरि अकण्टक राज्य सत्ता चलाउन उद्यत भइरहँदा यतिबेला उनको आँटको उनकै समर्थक बाहेकले समर्थन जनाउन सकिरहेका छैनन्। पार्टी भित्र उठेको झिनो मसिनो स्वरलाई दवाएरै उनी अघी बढेका छन्। प्रतिपक्षलाई सहायक दलकै व्यबहार गर्दै अघी बढिरहँदा लोकतान्त्रिक प्रक्रियाबाट चुनिएर आए पनि लोकतान्त्रिक पद्धतिलाई नै सिध्याउने अधिनायकवादी तथा फासिवादी बाटोमा उद्यत छन्। राष्ट्रवादको जामा पहिर्याएर सबै बिषयबस्तुलाई आफ्नो अनुकुलमा व्याख्या गर्ने हैसियतमा रहँदा अरुलाई राष्ट्रघाती तुल्याउने छुट उनी र उनको प्रचार संयन्त्रलाई छ। यस्तो बेला सरकारलाई सहि बाटोमा ल्याउन खबरदारी गर्ने प्रतिपक्षिय भूमिका नेपाली प्रेसले गर्दै आएको छ। सरकारका निर्णयहरुमा देखिएका र भेटिएका भ्रष्टाचार र गलत प्रवृतीहरुको भण्डाफोर गर्ने काम पनि सचेत ढंगले नेपाली मिडियाले नै गर्दै आएको छ। आफ्नो अविचलित तथा अविराम यात्रालाई विभिन्न वहानामा प्रश्न गर्ने मात्र हैन एकपछि अर्को भण्डाफोर गर्ने काम मिडियाबाट भएपछि प्रधानमन्त्री अहिले विचलित भएका छन् । त्यसैले उनी मिडियामाथि सिधै आक्रमणमा उत्रिएका छन् । मिडियामाथि आक्रमणका लागि उनी आफै मैदानमा उत्रेर सम्पादकहरुलाई तारो बनाएका छन् । संसदबाट कानुन बनाएरै तह लगाउन प्रयास गरिरहेका छन् ।

खासमा नेकपाका अध्यक्ष समेत रहेका केपी शर्मा ओली नेपाली मिडियासँग अत्यन्तै रिसाएको उनको 'किचन क्याविनेट'को छलफलमा समेत झल्किने गरेको वालुवाटार स्रोतको दावी छ। वालुवाटारमा हुने यस्ता प्रत्येक 'किचन क्याविनेट'को छलफलमा उनले हाल सञ्चालनमा रहेका प्रभावशाली मिडियाहरुसँग प्रतिष्पर्धा गर्ने सक्ने मिडिया खोल्न भन्दै आएका छन्। प्रधानमन्त्रीको इच्छालाई सम्बोधन गर्न 'किचन क्याविनेट'का सदस्यहरुले केहि निकटहरुलाई बिभिन्न मिडिया खोल्न लगाएको समेत देखिएको छ। त्यस्ता सञ्चारमाध्यमलाई प्रधानमन्त्रीको प्रभाव प्रयोग गरि राज्यको सहुलियत र अन्य स्रोत जुटाइदिएको प्रसङग पनि बाहिर छरपस्ट भइसकेको छ। एकातिर प्रधानमन्त्री ओलीको निर्णय शैलीको कारण आम नागरिक र मिडियाहरु आलोचक बन्दै गएका बेलामा आफूलाई भरथेग गर्ने भनेर खोल्न लगाएका मिडियाहरु पनि लगानीकर्ता र अन्य संलग्नताको कारण विवादमा पर्दा प्रधानमन्त्री ओली नेपाली मिडियासँग रुष्ट हुनु स्वभाविकै थियो । प्रधानमन्त्री ओलीले आँट गरेर निर्णय गराएको विषय समेत मिडियामा छताछुल्ल हुन थालेपछि उनी रक्षात्मक छन भन्ने कुरा उनकै पछिल्लो अभिव्यक्तिले समेत देखाएको छ। बीपी कोइराला पछि दुई तिहाईको समर्थन सहित सत्तामा पुगेका उनको शक्ति केहि व्यवसायकि घराना र माफियाहरुको पाउमा स्खलित हुन पुगेको आम नागरिक सधै कसरी चुपचाप हेर्न सक्छन? नागरिकहरु पनि आफ्नै मतले दिएको ब्रम्हास्त्रको अधिकार आफै माथि बज्रिन आइपुगेको कसरी सहन सक्छन ? के नेपाली मिडिया तथा तिनका सम्पादकहरुले मन मुटु दरो बनाएर यि सबै कुरालाई आँखा चिम्लेर नजरअन्दाज गर्ने हो र ? प्रतिपक्षी कमजोर महसुस भइरहेको बेला सरकारलाई सचेत र नागरिकलाई सूचीत गर्ने प्रतिपक्षी भूमिका नेपाली प्रेसले निर्वाह गरिरहेको छ। त्यसैकारण पनि नेपाली प्रेस प्रधानमन्त्री ओलीको आँखाको कसिंगर भएका छन । र तारो बनेका छन् सम्पादकहरु ।

मुटु भएका प्रधानमन्त्रीको दुई तिहाइको रामराज्यमा बालिका निर्मला पन्तले बलात्कृत भएर ज्यान गुमाइन, तिनका हत्यारा खोज्ने संयन्त्र डेढ वर्षमा पनि सफल भएको छैन । तिनका आमाबुबा विक्षिप्त छन् र बाबुले त मानसिक सन्तुलन नै गुमाउन सक्ने अवस्थामा पुगे । यो घटनाले देशै उद्देलित बनायो । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसदेखी महिला अधिकारकर्मी, मानव अधिकारकर्मी, नागरिक समाज लगायतले घटनाको विरोधमा सडक प्रदर्शन नै गरे । संचारमाध्यामले प्रमुखताका साथ यो विषय उठाइरह्यो । पन्तको बलात्कार तथा हत्याकाण्ड भएको डेढ बर्षमा पनि सत्यतथ्य बाहिर आएको छैन । स्वयं प्रधानमन्त्री तथा मन्त्रीहरुका विभिन्न गैरजिम्मेवार टिप्पणी सार्वजनिक भए । पञ्चायतकालको नमिता(सुनिता काण्ड झैं यो काण्ड पनि दिनानुदिन रहस्यको गर्भभित्र हराइरहेको छ। विभिन्न शंका उपशंकाका बीच दण्डहिनता हुन नदिने प्रधानमन्त्रीको अभिव्यक्ति यही काण्डमा पुगेर चुरचुर भैरहँदा सम्पादकहरुले कुन मुटु लिएर सरकारको गुणगान गाउने?

चितवन मेडिकल कलेजका विद्यार्थीले आफूहरुमाथि मेडिकल माफियाको ज्यादति भएको फेहरिस्त नै सडकभरि पेस गरे, र कम्तीमा दुई महिनासम्म आन्दोलन गरे । राजधानीका सबै मिडियामा छरपस्ट आयो समाचार । तर प्रधानमन्त्रीको मुटु छोएन । उनको सरकारले आखिर ती विद्यार्थीलाई उजुरी गर्नु भन्यो, तिनका बा आमाले उजुरी पनि गरे । तर अहिलेसम्म न्याय पाएका छैनन् । ज्यादति भएको कुरा राज्यले देखेपछि आफै कारबाही नगरि विद्यार्थीहरुलाई आफू ठगिएको बारेमा उजुरी हाल्न लगाउने सरकार ती विद्यार्थी र तिनका अभिभावक माफियाहरुबाट असुरक्षित बन्दा सम्पादकहरुले कुन मुटु लिएर सरकारको गुणगान गाउने प्रधानमन्त्रीज्यू ?

इतिहासकै ठूला भ्रष्टाचारका काण्ड केपी ओली प्रधानमन्त्री भएकै बेलामा सार्वजनिक भएको छ। बाघको छालामा स्यालको रजाँई भनेझै नेपाल ट्रष्टको सम्पतीमा केपी ओलीको एकछत्र छ। राणा प्रधानमन्त्रीहरु पछि सबैभन्दा बढी सरकारी सम्पती दोहन गर्नेमा प्रधानमन्त्रीको नाम आएको छ। प्रधानमन्त्री ओलीको यती समूहसँगको अपारदर्शी सम्वन्ध सबै पारदर्शी भइसकेको छ। यती समुहको नाममा एउटा व्यापारिक समुहलाई राज्यको सम्पती लुटाएको देखिरहँदा कुन मुटुले प्रधानमन्त्रीको समर्थन सम्पादकहरुले गर्न सक्छन प्रधानमन्त्रीज्यू ? अनि तपाईलाई कस्तो प्रशंसा चाहिएको हो प्रधानमन्त्रीज्यू ?

वाइडबडी जहाज कुन कुहिरोमा पस्यो ? ओली सरकारले महत्वका साथ प्रारम्भिक उपलब्धीको लिस्टमा राखेको वाइडबडी जहाज अन्ततः इतिहासकै एक ठूलो भ्रष्टाचारकाण्डमा परिणत भयो । संसदीय उपसमितिले ४ अर्ब ३५ करोड अनियमितता भएको ठहर गर्दै निगमका अधिकारीदेखि प्रक्रियाबेगर भुक्तानीमा सामेल कर्मचारी, सञ्चय कोष, नागरिक लगानी कोष, पर्यटन मन्त्रालयलगायत अधिकारीहरूलाई कारबाहीको सिफारिस गरेको थियो । भ्रष्टाचारविरुद्ध शुन्य सहनशीलताको नारा दिएका प्रधानमन्त्री ओलीले यो काण्डमा मुछिएका आफ्ना मन्त्री रविन्द्र अधिकारीलाई न त राजिनामा गराउन सके, न त पदबाट बर्खास्त नै गरे । बरु उनको हेलिकप्टर दुर्घटनामा निधनपछि उनलाई चोख्याउने काम गरे। संघीय संसदको सार्वजनिक लेखा समितिले तत्कालिन संस्कृति, पर्यटन तथा नागरिक उययन मन्त्री अधिकारी लगायत दुई पूर्वमन्त्रीसहित नेपाल वायुसेवा निगमका निर्देशक सुगतरत्न कंसाकारलाई मूख्य दोषी करार गर्दै प्रतिवेदन दिएको थियो । तर उक्त प्रतिवेदनलाई नै बेवास्ता गर्दै सरकारले छुट्टै छानबीन समिति गठन गरेपनि त्यसलाई काम गर्न नै दिइएन। अनी प्रधानमन्त्री कुन मुटु लिएर अझै सम्पादकहरुको मुटु छाम्न आएका हुन ? ३३ किलो सुनको कथा एकादेशको कथाको स्वरुपमा गयो । सुन तस्करीमा 'ठूला माछा'हरु पनि संलग्न भएको चर्चा सरकारी तवरबाटै चलाइयो । तर ती ठूला माछा कहाँ छन, को हुन् कसैलाई थाहा भएन । गोरेले प्रहरीबाटै आफू असुरक्षित रहेको बयान दिए । राजनीतिक तहदेखि प्रहरीसम्म सुन तस्करीमा संलग्न हुने गरेको तथ्य पनि यो काण्डले उजागर गरिदियो । तर, सुन तस्करीको जरासम्म पुग्ने चासो न त प्रहरीले देखायो, न त सरकारले नै ।

बालुवाटारको जग्गा प्रकरणमा अनुसन्धान अधिकारीहरु दिनदिनै फेर्ने, सरुवा गर्ने काम किन गर्नु परको हो प्रधानमन्त्रीज्यू ? आफ्नै महासचिव बिष्णू पौडेल वालुवाटारको जग्गामा र्याकल काढिरहँदा तपाइले उनलाई त्यो जग्गा छोड्नुस भनेको कहिल्यै सुनिएन। बरु तपाइकै छनौटमा परेकी भूमिसुधार मन्त्री पद्मा अर्याल उनै भूमाफियासँग साँठगाँठ गरि वालुवाटारको जग्गा हत्याउने पौडेलाई सुनपानी छर्किन न्वारानदेखिको बल लगाएर लागिपरेकी छिन् । अनि यस्तो बेलामा कुन मुटु भएका सम्पादकहरुले तपाइको भ्रष्टाचारप्रति शून्य सहनशिलताको प्रशंसा गरिरहन् सक्छन ? तपाइको बोलि र व्यवहारमा एकरुपता खोज्नु कुन अपराध गरे सम्पादकहरुले तपाइ भन्न सक्नुहुन्छ प्रधानमन्त्रीज्यू ?

प्रधानमन्त्रीले आफ्नो कार्यालय मातहतमा ल्याउने अरु कति कार्यालयको सूची बोकेर बस्नुभएको छ ? प्रकृतिको स्रोतहरुको दोहन गर्ने माफियाहरुले त्यसको विरोध गर्नेलाई हिन्दी फिल्ममा देखिने अति दर्दनाक शैलीमा गाडीले किचेर मार्नेसम्म आइपुगे । मुटु भएका प्रधानमन्त्रीज्यूको रामराज्यमा यो कसरी हुन सकिरहेको होला ?

सार्वजनकि सम्पती हत्याउने क्रम सबैभन्दा धेरै संस्थागत ढंगले भइरहेको छ । विराटनगर जुट मील हत्याएर त्यसको अर्बौको सम्पतीमा आँखा लगाउने काममा पनि तपाइकै नेकपाका नेताहरु अग्रपंतिमा छन्। तपाइकै गृह जिल्ला झापाको दमकमा अर्को वालुवाटार काण्डमा पनि तपाइकै पार्टीका नेताहरु मुसिएका छन्। भुमिसुधार मन्त्रालयले भुमाफियाहरुको इसारामा ऐन नै परिवर्तन गराउन लागिपरेको छ। उनीहरुले झापा विर्तामोड अर्बौको जमिन कानुन बनाएरै हत्याउन खोजिरहेका छन् । के यि सबै तपाइको जानकारी विना भएको हामीले मानिदिनुपर्ने प्रधानमन्त्रीज्यू ? अनि तपाई कुन मुटु भएका सम्पादकबाट तपाइको प्रशंसा गर्न खोजिरहनुभएको छ ?

अलि पुरानो भएपनि दुई तिहाईको तपाइकै सरकारले होइन संस्कृत विश्वविद्यालयका उपकुलपति कुलप्रसाद कोइरालालाई त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाटै अपहरण गरेर बालुवाटार पुर्याकएको ? सूचना तथा संचार मन्त्री गोकुलप्रसाद बाँस्कोटालाई सम्पति विवरण लगायतका बिषयमा अप्ठ्यारो प्रश्न सोधेकै आधारमा नेपाल टेलिभिजनको सिधा प्रश्न कार्यक्रम बन्द गरिएको? डा. गोविन्द केसीको १५ औं अनसन चलिरहेको बेला तपाइ नै हैन अर्का अध्यक्ष पुष्पकमल दाहालसँग विवादास्पद पृष्ठभूमिका व्यवसायी दुर्गा प्रसाईंको भक्तपुर ठिमीस्थित घरमा मार्सी चामलको भोजनमा व्यस्त रहेको ? जथाभावी मेडिकल कलेजलाई सम्बन्धन दिने चलनको विरुद्ध ऐनद्वारा नै स्वास्थ्य क्षेत्रमा मौलाएको माफियाकरण अन्त्य गर्नुपर्ने डा. केसीको माग बिरुद्ध तपाइ नै हैन उभिएको? अनि कुन मुखले तपाई मन मुटुले सम्पादकहरुलाई तपाइको प्रशंसामा फुलबुट्टा भराउन सक्नुहुन्छ ? कुन मुटुले तपाइको प्रशंसामा सम्पादकको कलम चल्छ ?

विवादास्पद धार्मिक संस्था युनिभर्सल पिस फाउन्डेसनद्वारा काठमाण्डौंमा आयोजित एसिया प्यासिफिक समिटमा प्रधानमन्त्री स्वयंको सहभागिता मात्र हैन संसदलाई समेत सो संस्थाले विवादमा तान्ने काम गरिरहँदा पनि सरकार होली वाइनमै मस्त भयो । प्रधानमन्त्री ओली आफैं तीन दिनसम्म उक्त समिटका लागि सोल्टी होटलमा बसेको तथ्य व्यापक आलोचनाको विषय बन्दा पनि प्रधानमन्त्रीले कार्यक्रम छाडेनन् । बरु मन्त्रीपरिषदबाट निर्णय नै नगराई उनले उक्त संस्थाले दिएको १ लाख डलरको पुरस्कार थापे । तर मन्त्रीपरिषदबाट स्विकृति नलिई एउटा अन्तराष्ट्रिय रुपमै बदनाम मिसनरी संस्थाको पुरस्कार लिएकोबारे कुनै स्पष्टिकरण दिन उनले आवश्यक ठानेनन् । अनि प्रधानमन्त्रीज्यू तपाइ कुन मुखले सम्पाकहरुबाट प्रशंसा खोजिरहनुभएको छ ?

प्रतिनिधिसभामा र राष्टिूयसभामा विधेयकका चाङ छन्। जसमध्ये अधिकांश विधेयक 'विवादित' छ । चिकित्सा शिक्षा विधेयक विरोधकाबीच पारित गरियो । राहदानीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक राष्टूपतिले पुनर्विचारका लागि फिर्ता पठाइदिइन् । नागरिकता सम्बन्धी विधेयक विवादका बीच समितिमा दफावार छलफलमा छ । विधेयकका कतिपय प्रावधानले राष्टिूयता कमजोर बनाउने भन्दै सांसदहरूले विरोध जनाइरहेका छन् । मिडिया सम्बन्धी दुईवटा विधेयक संसदमा विचाराधीन छ । मिडिया काउन्सिल र सूचना प्रविधि सम्बन्धी दुवै विधेयकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित तुल्याउने भन्दै सञ्चार जगत र प्रतिपक्षी आन्दोलित छ । तर पनि सरकार यि र यस्ता प्रतिगामी तथा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने विधेयक विरोधका बीच सरकार पास गराउन उद्यत छ । अनि यस्तो कार्यलाई कुन मुटु भएका सम्पादकरुहले समर्थन जनाउँदै तपाइको जयजयकार गर्न सक्छन प्रधानमन्त्रीज्यू ? तपाई नेपालका पत्रकार, सम्पादक र बुद्धिजीवीसँगमात्रै होइन सामाजिक सञ्जाल प्रयोगकर्तासँग पनि उत्तिकै रुष्ट हुनुभएको तपाइको गतिविधिले देखाएको छ । सबैलाई ठिक लगाउँछु भन्ने सोच तपाइले संसदमा ल्याएका विधेयकहरुमा देखिएको छ। यसैको प्रतिछाया मिडिया काउन्सिल विधेयक र सूचना प्रविधि विधेयकमा प्रतिविम्बित छ। तपाई स्वयं बुद्धिजीवीलाई थला बसाल्दिन्छु भन्ने अभिव्यक्ति दिने कानुन बनाएर घाटी अठ्याउन खोज्दा बढ्दो बिरोधी जनमतको प्रतिबिम्ब मिडियामा आउनु स्वभाविक हो । तर तपाई अझै पनि सम्पादकहरुको मन मुटु छाम्न खोज्नुहुन्छ भने तपाइलाई रामराम मात्र भन्न सकिन्छ तर तपाइका यी तमाम विवादास्पद र नागरिक अधिकार विपरीतका कर्ममा सम्पादकका कलमहरु साक्षी बस्न सक्दैनन् । अनि दुई तिहाइको बलमा जबर्जस्त अघि सारिएका यी सारा हर्कतहरुमा सम्पादकका कलमहरुले तपाईको प्रशंसामा लेख्ने चेष्टा पनि गर्न सक्दैनन् । बरु कुनै पनि यथार्थ कुरामा चित्त दुखाउन भन्दा चित्त सुधार्ने सुझाव सम्पादकहरुको छ ।

अन्त्यमा लोकतान्त्रिक मूल्य मान्यतबाट चुनिएर राज्य संचालन गरिरहेका प्रधानमन्त्रीले यहि लोकतान्त्रिक मूल्य मान्यतालाई नै अंगिकार गर्दै संबृद्धिको यात्रामा अघि बढे नाकाबन्दीको समयमा उनको समर्थनमा देखिएका मुटु नभएका सम्पादकहरुले फेरी उनको समर्थनमा कलम चलाउन गाह्रो हुनेछैन । तर के उनी अधिनायकवादी बन्दै गएको आफ्नो मुटुलाई लोकतान्त्रीक आचरणमा ढाल्न सक्छन् ? आजको मुख्य सवाल यहि हो । -हाम्रोकुरा डटकमबाट साभार

## अन्तराष्ट्रिय समाचार

# शाही उपाधि परित्यागको निर्णय

बेलायती राजकुमार ह्यारी र उहाँकी श्रीमती मेघनले शाही उपाधि परित्याग गर्नुभएको औपचारिक निर्णय भएको छ । बेलायती राजदरबार बकिङघम प्यालेसको बैठकले उहाँहरुको आग्रहअनुसार शाही उपाधि परित्याग गर्ने घोषणालाई औपचारिकता दिएको हो । ह्यारी दम्पत्तिले केही दिन अगाडी शाही उपाधि त्यागेर छुट्टै सार्वजनिक जीवन विताउने र सामाजिक सेवाको काम गर्ने घोषणा गर्नुभएको थियो । शाही दरबारमा शनिबार बसेको बैठकले चरण चरणका छलफल र प्रयासहरुलाई आधार मानेर उहाँहरुको घोषणालाई स्विकृति दिने निर्णय गरेको हो । शाही दरबारको यो निर्णयसँगै उहाँहरुले शाही उपाधि अन्त्य हुने सुनिश्चत भएको छ । तर उहाँहरुलाई आगामी बसन्त ऋतुदेखि मात्रै सो उपाधि प्रयोग नगर्ने निर्णय कार्यान्वयन हुने भएको छ । बेलायती महारानी एलिजावेथ द्धितियाका नाती ह्यारी र अमेरिकी टेलिभिजन कार्यक्रम प्रस्तोता मेगनको शाही परिवारबाट बहिर्गमनको विषयलाई ह्यारीकी आमा स्वर्गीय डायनाको शाही परिवार परित्यागको विषयसँग जोडेर हेरिएको छ । "महिनौंदेखिको कुराकानी, पछिल्ला धेरै छलफलहरुपछि रचनात्मक र सहयोगात्मक कामहरु गर्ने मेरो नाती र परिवारको निर्णयबाट म प्रशन्न छु," ९३ बर्षिय महारानीले वक्तव्यमा लेख्नु भएको छ । उहाँले भन्नु भएको छ, "ह्यारी, मेगन र उनीहरुका छोरा आर्ची सधैं हाम्रो परिवारका प्रिय सदस्य रहनेछन्, पछिल्ला दुई वर्षमा कडा निगरानीका कारण उनीहरूले चुनौतीको सामना गर्नुपर्‍यो । म उनीहरूको थप स्वतन्त्र जीवन जिउने चाहनाको समर्थन गर्छु ।" दरबारका अनुसार उहाँहरूको शाही उपाधि हटेपछि उहाँहरूले पाउने सैन्य पद पनि हट्ने, नागरिकको करबाट आउने रकम नपाउनेलगायतका घोषणा गरेको पनि वक्तव्यमा उल्लेख गरिएको छ । दरबारको यो निर्णयसँगै उहाँहरु अब राजपरिवारका औपचारिक सदस्य नरहने हुनुभएको वक्तव्यमा जनाइएको छ । ह्यारी दम्पतिले राजपरिवारको भूमिका परित्याग गरेपछि बेलायत र उत्तर अमेरिकामा आफ्नो समय बिताउने बताउनु भएको छ । केही समयको प्रेम सम्वन्धपछि उहाँहरुले २०१८ मा विवाह गर्नु भएको हो । राजकुमार चार्सका कान्छा छोरा ह्यारी अहिले ३५ बर्षको हुनुभएको छ भने उहाँकी श्रीमती मेघन ३८ बर्षको हुनुभएको छ । राजकुमार ह्यारी बेलायती राजपरिवारको छैठौं उत्तराधिकारी हुनुहुन्थ्यो ।

# ग्रीसका आप्रवासी शरणार्थीको माग

ग्रीसमा रहेको एक आप्रवासी शरणार्थीको शिविरमा अत्यधिक भीड भएको भन्दै उनीहरुले राम्रो बासस्थान र खानाको माग गरेका छन् । व्यवस्थापनको लागि माग गर्दै ग्रीसको सामोस टापुमा रहेका शरणार्थीहरुले माग गरेका समाचार संस्था एएनएले जनाएको छ । ग्रीसमा विशेषगरी अफ्रिकाबाट शरणार्थीका रूपमा युरोप पुगेका नागरिकहरु शिविरमा बस्दै आएका छन् । ती आप्रवासीहरूले आफूहरुलाई खान र बस्नका लागि राम्रो व्यवस्थाको माग गरेका छन् । सामोसमा ग्रीस भएर युरोप तथा अमेरिका जाने शरणार्थीहरूलाई राखिएको बताइएको छ ।

ग्रीसमा विभिन्न युरोपेली देशका नागरिकहरु टर्की हुँदै शरणार्थीहरू पुग्ने गरेका छन् । सामोस शिविरमा क्षमताभन्दा बढी शरणार्थी राखिएपछि उनीहरूले शिविर व्यवस्थापनका लागि माग गर्दै आएका छन् । उनीहरुले केही समयअघि त्यहाँको सरकारका विरुद्धमा आन्दोलन पनि गरेका थिए । ग्रीसको सरकारले शरणार्थीलाई कम्तीमा पाँच हजार क्षमताको शिविर निर्माण गरेर उनीहरुलाई राख्न निर्देशन दिएको थियो । तर पनि सामोसका नगर प्रमुख यौरगोस सान्जोसले सरकारले नयाँ शिविरको योजना नरोकेमा आफूले पदबाट राजीनामा दिने चेतावनी दिनुभएको छ । नगर प्रमुखका अनुसार शरणार्थीले त्यहाँको भूमि ओगटेकाले उक्त क्षेत्र छोड्नुपर्ने जानकारी दिनुभयो । शरणार्थीको एक समूहले यहाँ क्षति समेत पुर्‍याएकोले उनीहरुलाई हटाउनुपर्ने बताएका छन् । युरोप छिर्न आप्रवासीहरूले सामोसलगायतका ग्रीसका नाकाहरू प्रयोग गर्ने गरेका छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# वयोवृद्ध समाजसेवी पोषप्रसाद नेपालको जीवनी

समाजसेवी पोषप्रसाद नेपालको जन्म वि.सं. १९८३ जेठ ११ गते साविक सिन्धुपाल्चोक जिल्ला सिन्धुकोट, हाल मेलम्ची न.पा. ३ मा भएको हो । ४७ वर्षीय पिता कुलप्रसाद र १६ वर्षीया माता सीताको जेठो सुपुत्रको रुपमा जन्मन भएका पोष प्रसादले बाल्यकाल माता पिताका साथ बिताउनु भयो । शिक्षाको पहिलो सुरुवात कखहरा घरैबाट सिक्नुभयो । त्यहाँका नेपाल परिवार,भाइ भाइहरूका छोराछोरीमा साह्रै राम्रो मेलमिलाप थियो ।

वैदिक परम्परा अनुसार पाँच वर्षको उमेरमा उहाँको चूडाकर्म गरियो । आठ वर्षको उमेरमा उपनयन संस्कार सम्पन्न गरियो । १० वर्षको उमेरमा सिन्धुपाल्चोक जिल्ला तारामाराङ्ग निवासी तोयनाथ ढुङ्गानाकी छोरी १० वर्षीय सीता ढुङ्गानासँग विवाह बन्धनमा बाँधिनु भयो ।

वृद्ध बाबु र रोगी आमाको आस्थाको केन्द्रको रुपमा जन्मनुभएका परिवारका जेठा छोरा भएपनि उहाँ बालकै भएकोले बाबुआमाको इच्छा पूरा गर्ने सामार्थ्य थिएन । पोष प्रसादलाई पठन पाठनमा सहयोग र माया गर्ने, हौसला दिने साइला ठूलाबाका छोरा दाइ घननाथ हुनुहुन्थ्यो । तर आफू तेह्र वर्षको हुँदा घननाथको इहलीला समाप्त भयो । अर्का दाइहरू मोहनलाल र हरिनारायणबाट शिक्षाको लागि प्रेरणा मिल्यो । उनै साइला बाबुका छोरी दिदीहरू पनि साह्रै माया गरेर हौसला दिन्थे । पछि दिदीहरूको विवाह एउटीको धुसिनी र अर्कीको पालुबारीमा भयो । ठूलो दाइ घननाथले धुलौटो कोर्न सिकाएकोमा साइला दाइले निरन्तरता दिनुभयो । पोषप्रसाद बालकै देखि मृदुभाषी, साह्रै मिहिनेती र मिलनसार हुनुहुन्थ्यो । तत्कालीन पहाडी परिवेशमा आफ्ना बालबच्चालाई शिक्षा दिनुपर्छ, भन्ने सोच पनि थिएन र विद्यालयहरू पनि यथेष्ट थिएनन् ।

पोषप्रसादले चार वर्षको उमेरमा शिक्षा आरम्भ गरेपनि १३ वर्षको हुँदा कोठा लिएर साँखुको भाषा पाठशालामा गएर चण्डी, रूद्री आदि औपचारिक पठनपाठन सुरू गर्नुभयो । त्यसपछि कार्तिके छापमा गोपीलाल सिग्देलबाट चालीस अध्याय शुक्ल यजुर्वेद अध्ययन गर्नुभयो । अर्का दाइ हरि नारायणसँग हितोपदेश, लघु सिद्धान्त, कौमदी, कर्मकाण्ड सुरू गर्नुभयो । उमेर सानै भएपनि जेठा छोरा भएको र भाइहरू सानै भएकोले घरब्यवहार, खेती किसानिमा पनि रेखदेख गर्नु पर्ने हुँदा पढाइमा वाधापर्नु स्वाभाविकै हो ।

एक्काइस वर्षको उमेरमा. २००४ सालमा काठमाडौं आएर नक्साल स्थित बुढा मावली थाक्लेका पौडेल दाइसँग बसेर संस्कृत पाठशालमा अध्ययन सुरू गर्नुभयो । त्यहाँ लघु, कौमदी, रघुवंश, हितोपदेश आदिको पढाई गर्नुभयो । त्यसैबेला काठमाडौंमा जयतु संस्कृतम्को आन्दोलन चलेको थियो । केही दिन आन्दोलनमा सरिक हुनुभयो । तीन धारा पाठशालामा भर्ना भएर पढाइले गति लिदै थियो, दुर्भाग्यवंश २००६ साल बैशाखमा आमा बित्नुभयो । आमाको लागि पुत्र कर्म गरेर पुनः पाठशाला भर्ना हुनुभयो । पूर्वमध्यमा उत्तीर्ण हुनुभयो । त्यसपछि २००९ सालमा गाउँ फर्केर आफ्नो परम्परागत गृहस्थी जीवनमा लाग्नुभयो ।

सादा जीवन उच्च विचारका धनी, उहाँ बाल्यकालदेखि नै समाजसेवा र शिक्षामा रुचिराख्ने व्यक्ति हुनुहुन्थ्यो । उहाँको सोचाइमा आफूमात्र शिक्षित भएर हुँदैन, टोल गाउँ, वरपर सबै शिक्षित हुनुपर्दछ भन्ने थियो । त्यसै उद्देश्य अनुरुप २०१४ सालमा भोटे चउर वरिपरिका बालबालिकालाई जम्मा गरी निशुल्क शिक्षा प्रदान गर्न सुरू गर्नुभयो । त्यसको दुई वर्ष पछाडि उहाँको सक्रियतामा गाउँका जान्ने बुझ्नेहरूसँग छलफल गरी सरकारी निकायहरूमा लेखापढी र दौडधुप गरी बिद्यालय गृह बनाई २०१६ साल वैशाखमा भोटे चउर, जैसी गाउँमा प्राथमिक विद्यालय स्थापना गराउनुभयो । सबैको सल्लाहबाट त्यस विद्यालयको नाम जाल्पादेवी राखियो । विद्यालय व्यवस्थापन र रेखदेखका लागि सञ्चालक समिति गठन भयो । सञ्चालक समितिको निर्णय अनुसार



२०६७ साल असार ११ गते चौरासी पुजाको दिन

उहाँलाई शिक्षकमा नियुक्त गरियो । विद्यालयमा पढाउँदा पढाउँदै जाल्पादेवी विद्यालयको कोटाबाट २०२० साल जेठमा काठमाडौं आएर विद्यालय सम्बन्धी १० महिने आधारभूत तालिम लिनुभयो ।

२०२४ सालसम्म त्यसै विद्यालयमा पढाउनु भयो । समाज सेवाको कुरा गर्नु पर्दा गाउँको सहयोगको लागि काम परेर जिल्ला सदर मुकामबाट खटिएर आउने डोरका कर्मचारी वा प्रहरी वा अन्य कुनै नयाँ मान्छे जो आएपनि पहिले उहाँलाई भेट्दथे । उहाँले यस्ता नव आगन्तुकहरूलाई बस्ने र खाने ब्यवस्था मिलाउनु हुन्थ्यो । त्यसपछि आफ्नो सानोतिनो समस्या र व्यवहारले गर्दा काठमाडौं जानु पर्ने भएकोले, त्यसै वर्ष भाद्र १० गतेबाट काठमाडौ नगरपालिका बाँसबारी राष्ट्रिय प्राथमिक बिद्यालयमा सञ्चालक समितिको निर्णयले शिक्षकमा नियुक्ति हुनुभयो । १ वर्ष त्यहाँ अध्यापन गरेर चिरञ्जिवी खनालको आग्रह र आफ्नो घरव्यवहारमा समेत रेखदेख गर्नु पर्ने हुँदा सिन्धुपाल्चोक जिल्लाको ठूलो थकनी गा.वि.स. को श्रीकृष्ण प्राथमिक विद्यालयमा प्रधान अध्यापक नियुक्त भई २०३० सालसम्म पढाउनु भयो । नयाँ शिक्षा योजना लागु भएपछि सिन्धुकोट गा.वि.स.को भाषा पाठशाला प्राथमिक विद्यालयमा परिणत भयो । नयाँ शिक्षा लागु हुने विद्यालयहरूमा तालिम प्राप्त शिक्षक चाहिने भएकोले त्यहाँ कार्यरत शिक्षकलाई अन्यत्र सरुवा गरी पोषप्रसादलाई २०३० बैशाखबाट सिन्धुकोट को प्रधान अध्यापकमा नियुक्ति गरियो ।

यसरी पोषप्रसादले जुन जुन ठाउँमा पढाउँदै जाँनु भयो, कुनै पनि विद्यालयमा सुविधायुक्त भौतिक साधनको त कुरै छोडौ, वर्षाबाट विद्यार्थीहरूलाई जोगाउन छहारी समेत थिएन । आफ्नो गाउँ ठाउँ र आफू शिक्षक भएको विद्यालयमा बालबालिकाहरूलाई अध्ययन गर्ने थलोको यो अवस्था देखेर उहाँ चिन्तित हुनुहुन्थ्यो । उहाँले सिन्धुकोट प्राथमिक विद्यालय भवन बनाउन आफ्नो पहलमा स्थानीय भलाद्मीहरूसँग छलफल गरी विद्यार्थी जम्मा गर्न घरघरमा गएर अभिभावकहरूलाई शिक्षाको महत्व दर्शाउनुभयो । तबमात्र बालबालिका विद्यालय आउन थाले । विस्तारै विस्तारै सबै अभिभावहरूलाई आफ्नो छोराछोरी पढाउन पर्दछ भन्ने जागरण आयो । त्यसपछि विद्यालय बनाउन भावना बढ्दै गयो । केही समय पञ्चायत भवनमा पनि पठनपाठन गरियो । त्यसपछि २०३१ पौष २० गतेको गाउँसभाले स्थानीय बुद्धिजीवीहरू तथा सरोकारवाला बासिन्दाको छलफलबाट टारको डिलमा ६ कोठे विद्यालय बनाउने निर्णय गऱ्यो ।

बिशेष गरी निर्माण कमिटी गठन भयो । कमिटीमा हुने सदस्यहरूले पनि आफ्ना आफ्ना टोलछिमेकमा सल्लाह गरे । विद्यालयको लागि चाहिने साधन, स्रोत, श्रमदान, चन्दा आदि स्थानीय जनताले नै जुटाए । पोषप्रसादले पनि आफ्नो जग्गामा भएका धेरै रूखहरू विद्यालय निर्माण लाई दिनुभयो । उहाँलाई निर्माण कर्मीहरू पनि हौसिएर जतिसक्यो छिटो काम भैदिए हुन्थ्यो जस्तो लाग्थ्यो । बेलाबेलामा निजी खर्चमा खाजा खुवाएर खुसी पार्नु हुन्थ्यो । निर्माण सकियो, पठनपाठन सहज बन्दै गयो । विद्यार्थी, अभिभावक, शिक्षक र व्यवस्थापनबीच राम्रो सम्बन्ध बन्दै गयो । विद्यार्थी संख्या वृद्धिको आधारमा शिक्षकहरू थपिदै गए । विद्यालयको अवस्था पहिलेको भन्दा धेरै सबल भयो । यसरी बिद्यालय स्थापनार्थ जीवनमा अनेकौ आरोह अवरोह पार गर्नुभई सफल हुनुभएका पोषप्रसादको खुसीको सिमा रहेन । विद्यालय व्यवस्थित ढङ्गबाट चल्न थाल्यो । समाज सेवालाई जीवनको लक्ष मान्ने पोषप्रसादलाई लामो समय कर्मचारी भएर बन्धनमा बाँधिनुभन्दा स्वतन्त्र भएर समाजसेवा गर्ने विचार आयो । उहाँले २०३३ सालमा स्वेच्छिक अवकाश लिनुभयो ।

परिवर्तनशील संसारमा समयले कति छिटो फड्को मार्दो रहेछ । एक दशक अगाडि शैक्षिक जागरण सुरु भएको ठाउँमा एक दशक पछि अभिभावकहरूमा पनि पुरै परिवर्तन आयो । विद्यालय भवन बनाउन स्थानीय बासिन्दा रोहीणीप्रसादले १ रोपनी जग्गा दान गरे । त्यसमा ठूलो विद्यालय भवन बनाउने योजना भयो । विद्यालयको स्तर पनि वृद्धि हुँदै प्राथमिकबाट नि.मा.वि., नि.मा.वि.बाट मा.वि.र मा.वि.बाट उच्चमावी हुँदै गयो । यसमा धेरै दाताहरूको योगदान जुटेको छ । यसमा



**तेजप्रकाश बानियाँ,**
**गोङ्गबुँ, काठमाडौं**

पोषप्रसाद पनि सारै खुसी हुनुभयो । उहाँले बेतलबमा गाउँका पञ्चायतका प्रधानपञ्च दिपबहादुरको अनुरोधलाई हार्न नसकी बेतलबी गाउँ सचिवको काम समाल्नु भयो । यसै समय सम्बन्धित निकायमा लेखापढी गरी विद्यालय विस्तारको लागि भौतिक सामग्री जुटाउन दिनरात खट्नुभयो । सिन्धुकोटमा जनसहभागिताबाट विद्यालय भवन बनेता पनि छानो हाल्न रकम अलि अभाव भएकोले त्यहाँकातत्कालिन् माननीय नेत्र बिक्रम थापाले रु. १०,०००/- दस हजार दिनुभयो । विद्यालयको छाना हालियो ।

बाल्यकालबाट आफू केही जान्ने बुझ्ने भएदेखि समाजसेवामा लाग्ने नेपाल, पाँच छोरा र तीन छोरीका पिता हुनुहुन्छ । यतिका छोराछोरी हुर्काउन, बढाउन र पढाउन, व्रतबन्ध, चुडाकर्म, बिहे गर्न गराउन र घरव्यवहारको काम रेखदेख गर्न समेत दश वर्षको उमेरमा श्रीमती बनेर भित्रीएकी धर्मपत्नी सीतालाई सुम्पिएर आफू सहयोगीको भूमिकामा रहनुभयो । उहाँको जीवनमा समाज सेवा भन्दा ठूलो केही भएन । छोराहरू एकल परिवारबाट छुट्टिदा आफू र श्रीमती आठौ सन्तान काइलो छोरा बलरामसँग बस्नुभयो । बलरामले पनि बाबु आमाको सेवा भन्दा ठूलो अरू केही नमानी खुसीकासाथ सेवा पऱ्याइरहनु भएको छ । आफू नेपाल वायुसेवा निगममा जागिरे भएकोले बाबुलाई भारतका विभिन्न तीर्थस्थल लगायत हङ्कङ्, बैकक, सिङ्गापुर, दुवई जस्ता राष्ट्रहरूको घुमघाम् गराइदिनुभयो । धेरै कुरामा पोषप्रसादले आफूलाई भाग्यमानी ठान्नुभई खुसीका साथ बस्नु भएको छ ।

यस्ता वरिष्ठ समाज सेवी पोष प्रसादलाई ६९ वर्षको दाम्पत्य जीवनपछि २०६२ सालमा धर्मपत्नी शोक पऱ्यो । तर एकल जीवनमा पनि उहाँले समाजसेवामा निरन्तरता दिइ नै रहनु भयो उहाँले २०७२ साल बैशाख, नयाँ वर्षको अवसर पारेर बडो मेहनतका साथ "आर्दश वैदिक शिक्षा" नामक पुस्तक पनि प्रकाशित गर्नुभएको छ । प्रकाशित पुस्तकमा हिन्दु शास्त्रका प्राचीन वाङ्मय वेद, उपनिषद र गीताका महत्वपूर्ण वाणीहरू उल्था गरेर त्यस किताबमा समेटिएको छ । जुन पुस्तक वेदको भेद जान्न चाहने जो कोहीका लागि उपयुक्त छ भन्ने मलाई लाग्छ ।

समाज सेवा एक प्रकारको नसा नै रहेछ । यसमा बानी परेपछि व्यक्ति केही नगरी शान्त बस्न नसक्दो रहेछ । पोषप्रसादलाई पनि त्यस्तै भयो । त्यसैले होला गाउँबाट प्रधानपञ्च दिपबहादुरको अनुरोधलाई हार्न नसकी बेतलबी गाउँ पञ्चायत सचिवको पद समाल्नुभयो । त्यसै अवसर पारेर सिन्धुकोटमा आवश्यक हेल्थपोष्टको लागि पञ्चायतबाट लेखापढी गरी स्वास्थ्य विभागबाट स्वीकृत गराउनु भयो । त्यसको लागि जग्गा र तत्काल बस्नेघर चाहिने भयो । घरकोलागि स्कुलको पुरानो भवन उपलब्ध गराइने र जग्गाको हकमा स्थानीय ब्यक्तिहरूको राय अनुसार सबैलाई पायक पर्ने ठाउँ पछि उपलब्ध गराइने भनी पत्राचार गरियो ।

बाँकी २ पृष्ठमा

कविता

## रवि लिला

## (शार्दूलविक्रीडित छन्द)



उद्धवप्रसाद प्याकुरेल

१
सातै र  छरी विहान पखमा झुल्केर आयौ तिमी
लालीमा रमिता मनोहर भयो हुर्केर छायौ तिमी
मोती झै छ मुहार त्यो किरणको छर्केर आयौ रवि
तिम्रो वर्णन गर्न आतुर ममा जागी बसेको कवि ।
२
छेड्यौ त्यो कसरी धरा क्षितिजको गाह्रो भयो के कति ?
एकैनास सदा अहो समयको  ख्यालै गरेको अति
ज्ञानैज्ञान अपारका गुरु तिमी बाँढेर सक्छौ छवि?
तिम्रो दर्शन गर्न आतुर भयो पर्खी बसैं मै कवि ।
३
सानो के छ ठुलो समान जगमा एकै छ हेर्ने  विधि
को दु:खी छ कहाँ सुखी जगतमा प्राणी सबैका निधि
जाडो याम भरी बनेर जननी आलोक न्यानो छरी
गर्मी  मेघ भरी छरी शीतलता बाँड्छौ जलादी झरी ।
४
मेरा छौ र तिमी छु यो जगतमा देखें र जानें भव
तिम्रै देन छ यो कहुँ म कसरी यो सृष्टि तिम्रै सब
साँचो के छ यहाँ झुटो  छ कसरी जान्ने तिमी नै त हौ
प्राणी जीवनको दिएर पहरा धान्ने तिमी नै त हौ ।
क्रमश .....

## गजल



अनुराधा शर्मा, काठमाडौं

सुन्दर शान्त हो भनिएका इतिहासका पाना बिर्सेर
धरोहर राष्ट्रको जोडिएका इतिहासका पाना बिर्सेर

गौरव  गाथा वीरहरुको राष्ट्र प्रेम र वीरताका पाना
सुनौलो रगतले लेखिएका इतिहासका पाना बिर्सेर

मौलिकता  सौहार्दता  सौम्यता लत्याएर अब यहाँ
टाढा भाग्छन समेटिएका  इतिहासका पाना बिर्सेर

आफ्नै मानसम्मान धरौटी राखि गर्व गर्छन् वर्तमानमा
सत्य तथ्य प्रमाण कोरिएका इतिहासका पाना बिर्सेर

अशान्ति,दुर्गुण,अत्याचार,ब्यभिचारहरु मौलाउदै गए
शान्तिका लागि फैलिएका   इतिहासका पाना बिर्सेर

फोहरी खेल भयो राजनिती लोभको पराकाष्टा नाघ्यो
न्याय निसाफहरु तोकिएका इतिहासका  पाना बिर्सेर


## हार्दिक निमन्त्रण


भ.म.न.पा-२३ स्थित पशुपति मन्दिरलाइ धामको रुपमा बिकाश गर्ने, आयुर्वेदिक शिक्षालय स्थापना र क्यान्सर पीडित परिवारको सहयोगार्थ आयोजित एतिहासिक १०८ कुण्डीय कोटिहोम तथा अष्टोत्तरशत (१०८) श्रीमद्भागवत पितृमोक्षा एवं तुलादान मासिक विराट ज्ञान महायज्ञ-२०७६ मा सादर निमन्त्रणा गर्दछौं ।

मिति : माघ ११ देखि फागुन ११ सम्म
स्थान : नारायणी नदी किनार, भ.म.न.पा.-१ नारायणगढ, चितवन
आयोजक :कोटिहोम महायज्ञ मूल समारोह समिति, हजुरहरु र हामी सबै
सम्पर्क शूत्र : ९८५५०११८६१, ९८५५०११८६२, ९८५५०५२३७२, ९८५१०७०६४६

# हिमालय अग्रनाईजेशनले ल्याउने भयो बिंग्सन बिधुतिय बस

काठमाडौं। अन्नपुर्ण होटलमा एक कार्यक्रम गरी हिमालय अग्रनाईजेशनले अष्ट्रेलियन प्रबिधिमा निर्मित बिधुतिय बस नेपालमा पनि सञ्चालनमा ल्याउन लागेको पत्रकार सम्मेलन गरी जानकारी दिएको थियो।


कार्यक्रमलाई सम्वोधन गर्दै हिमालय अग्रनाईजेशनका सञ्चालकद्धय धुर्व थापा र काजीमान आत्रेयले हिमालय अग्रनाईजेशनले बिभिन्न क्षेत्र जस्तै रियल स्टेट, बैक, अटो लगायत क्षेत्रमा लगानी गर्दै आएको र यो भन्दा १० बर्ष अगाडीदेखि नै बिधुतिय सवारी साधनमा लगानी गरेको त्यतिवेला नेपालको बिकाश र भौतिक पुर्वधारको पुर्ण बिकाश भईनसकेको अवस्थामा पनि आफुहरुले बातारवरणीय सवारी साधनको परिकल्पना गरेर काम थालेका थियौ आज त्यहि अवधारणा नेपालको सरकारले समेत अङ्किार गरेको हुदा नेपालीहरुले बातावरणीय सवारीसाधनमा यात्रा गर्ने रहर पुरा हुन लागेको कार्यक्रममा जानकारी दिएको थियो। बिंग्सनका इन्जिनियर तथा एस. आर. इन्डियाका ऐजेन्ट फिरोज खानले बिंग्सन बसको बारेमा जानकारी दिएका थिए यो बसको बिशेषता एकघण्टा ब्याट्री चार्ज गरेपछि ३ किलोमिटर सजिलै कुदने र यसको आयु ४० बर्षको हुने जानकारी गराएका थिए। कार्यक्रममा प्रमुख अतिथिको रुपमा आएका भौतिक पुर्वधार तथा यातायात ब्यवस्था विभागका महानिर्देशक गोगन बहादुर हमाल प्रमुख अतिथि रहनु भएको थियो।



**बालबालिका हराएमा, बेवारिसे अवस्थामा फेला परेमा वा अपहरणमा परेमा बालबालिका खोजतलास समन्वय केन्द्रको पैसा नलाग्ने फोन नं. १०४ मा खबर गरौं**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**






**जनआकाश मिडिया प्रा.लि.का लागि:** **प्रकाशक**: द्रोणबहादुर बस्नेत, **प्रधान सम्पादक**, मोहन कार्की ९८६१५८८४५६, **कम्प्युटर**: जनआकाश डेस्कटप
**प्रधान कार्यालय**, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, **मुद्रण**: सुप्रिम प्रिन्टिङ्ग प्रेस